# विषय सूची


| | |
|---|---|
| १. चौथो वार्षिक साधारणसभामा उपस्थितिको लागि पत्र | २ |
| २.निर्वाचन कार्यतालिका | ३ |
| ३. संघको संक्षिप्त परिचय | ४ |
| ४.. अध्यक्षज्यूको मन्तव्य | ५–७. |
| ५. सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन र आगामी कार्यक्रम. | ८–१७ |
| ६. सञ्चालक समितिको तर्फबाट प्रस्तुत कार्यक्रम तथा बजेट १३–१५ | १८–२२ |
| ७. लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन | २३–२७ |
| ८. लेखा परीक्षण प्रतिवेदन | २८–४२ |
| ८. टिपोट | ४३ |

पान नं. ६१६०२६१४८ "सुदृढ अभियान, सशक्त तथा सक्षम संघ" दर्ता नं. बा. ००१/०७७/०७८

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

**BAGAMATI PROVINCE COOPERATIVE UNION LIMITED (BPCL)**

ललितपुर महानगरपालिका-१५, महालक्ष्मीस्थान

मिति :२०८१/०४/२७

च.नं. ०९/०८१/८२

श्री अध्यक्षज्यू,

संघमा आवद्ध सम्पूर्ण सदस्य सहकारी सघं/संस्थाहरु ।

**बिषय : चौथो वार्षिक साधारण सभा सम्बन्धमा ।**

यस सघंको मिति २०८१ श्रावण ४ गते बसेको संयुक्त बैठकको निर्णयानुसार निम्न प्रस्तावहरु उपर छलफल एवं निर्णय गर्नका लागि संघको चौथो वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुन गईरहेकाले उक्त सभामा सहभागिताको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

कार्यक्रम

मिति : २०८१ असोज १ गते, मंगलबार

समय : विहान ८ बजे

स्थान : डिलाईट पार्टि भेन्यू, महालक्ष्मीस्थान, ललितपुर ।

प्रस्तावित विषयहरु

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल एवं पारित गर्ने सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिद्वारा प्रस्तुत प्रतिवेदन उपर छलफल एवं पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरि पारित गर्ने सम्वन्धमा ।
४. आ.व. २०८१/०८२ को संसोधित र आ.व. २०८२/०८३ को अनुमानित कार्यक्रम तथा बजेट उपर छलफल एवं पारित गर्ने सम्वन्धमा ।
५. आ.व. २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारीश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
६. साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्नको लागि सदस्य संघ/संस्थाहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्वन्धमा ।
७. सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन सम्वन्धमा ।
८. विविध ।

पुनश्च : क) साधारण सभामा भाग लिन आउने प्रतिनिधिहरुले मिति २०८१ भाद्र ३१ गते भित्र प्रतिनिधि मनोनयन पत्र संघको कार्यालयमा वा संघको इमेल bpcoul077@gmail.com मार्फत् बुझाउनु पर्नेछ ।

ख) निर्वाचन सम्बन्धी सम्पूर्ण जानकारी संघको सूचना पार्टि र संघको आधिकारीक अनलाईन सामाजिक सञ्जालमा प्रकाशित गरिने छ ।

भिमप्रसाद दहाल
महासचिव

फोन नं. ०१-५४२०३२६, इमेल: bpcoul077@gmail.com, वेभसाईट: bpcl.com.np

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

महालक्ष्मीस्थान १५, ललितपुर

## निर्वाचन उप समितिको सूचना

बागमती प्रदेश सहकारी संघ लिमिटेडको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको मिति २०८१/०६/०१ गते हुने निर्वाचनको सम्बन्धमा निम्न अनुसारको कार्यक्रम प्रकाशित गरिएको छ।

१.निर्वाचनहुने पदहरु : संचालक समिति :

क। अध्यक्ष- १ जना ख। वरिष्ठ उपाध्यक्ष- १ जना ग। महिला उपाध्यक्ष- १ जना घ। महासचिव- १ जना

ङ। सचिव- १ जना च। कोषाध्यक्ष- १ जना छ। सदस्य- १० जना

लेखा सुपरीवेक्षण समिति : क। संयोजक- १ जना ख। सदस्य २ जना

| क्र.स. | कार्यक्रम तालिका | मिति | समय |
|---|---|---|---|
| १ | शेयर सदस्यहरुको नामावली प्रकाशन | २०८१/०६/०१ | विहान ८ बजे कार्यक्रम स्थलमा |
| २ | मतदाता नामावली माथि दावी विरोध | २०८१/०६/०१ | विहान ८: ३० बजे देखी ९:०० बजे सम्म |
| ३ | अन्तिम मतदाता नामावली प्रकाशन | २०८१/०६/०१ | विहान १०:०० बजे कार्यक्रम स्थलमा |
| ४ | उम्मेदवारको लागि दरखास्त आव्हान | २०८१/०६/०१ | ११:०० बजे देखी १२:०० बजे सम्म |
| ५ | उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन | २०८१/०६/०१ | १२:१५ बजे कार्यक्रम स्थलमा |
| ६ | उम्मेदवारको नामावली माथि दावी विरोध | २०८१/०६/०१ | १२:१५ बजे देखी १२:३० बजे सम्म |
| ७ | उम्मेदवारले दरखास्त फिर्ता लिने | २०८१/०६/०१ | १२:३० बजे देखी १:३० बजे सम्म |
| ८ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८१/०६/०१ | २:०० बजे |
| ९ | उम्मेदवारी प्रचार प्रसार | २०८१/०६/०१ | २: ०० बजेदेखि ३: ०० बजे सम्म |
| १० | मतदान आरम्भ | २०८१/०६/०१ | ३: ०० बजेदेखि |
| ११ | मतगणना सुरु | २०८१/०६/०१ | मतदान सम्पन्न भएपछी तुरुन्तै |
| १२ | निर्वाचनको परिणाम घोषणा | २०८१/०६/०१ | मतगणना सम्पन्न भएपछी तुरुन्तै |
| १३ | निर्वाचित सदस्यहरुलाई प्रमाणपत्र वितरण | २०८१/०६/०१ | निर्वाचनको परिणाम घोषणा पश्चात् |
| १४ | निर्वाचित पदाधिकारीहरुलाई शपथग्रहण | २०८१/०६/०१ | प्रमाणपत्र वितरण पश्चात् |
| १५ | बधाई तथा समापन | २०८१/०६/०१ | कार्यक्रमको अन्त्यमा |

नोट : निर्वाचन उप समितिको निर्णयानुसार निर्वाचन समय तालिका आवश्यकता अनुसार संशोधन हुन सक्नेछ।


निर्वाचन उप समिति : सदस्य सचिव मिति : २०८१/०५/१६

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

ललितपुर महानगरपालिका वडा नं. १५, महालक्ष्मीस्थान, ललितपुर, नेपाल

**संघको परिकल्पनाः**

"सुदृढ अभियान, सशक्त तथा सक्षम संघ"




**संघको ध्येयः**

"सहकारी मूल्य, मान्यता र सिद्धान्तका आधारमा सदस्य संघ संस्थाहरूको प्रवर्द्धन र सर्म्वद्धनद्वारा व्यवस्थित गरी प्रविधियुक्त र मर्यादित व्यवसाय बनाउँदै स्तरोन्नति गर्ने।

**संघको उद्देश्यः**

(क) सहकारी मूल्य मान्यता एवं सिद्धान्तको पालना गर्दै सदस्य संस्थाहरूको विकास, प्रवर्द्धन, संवर्द्धन एवं विस्तार गर्ने।

(ख) सदस्य संस्थाहरूको हकहितका लागी बहस पैरवी, सहकारी शिक्षा, तालिमको आयोजना गर्ने।

(ग) सदस्य संस्थाहरूको संस्थागत विकास तथा संस्थागत सुशासन कायम गर्नका लागि निरन्तर अनुगमन, प्रशिक्षण तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सन्चालन गर्ने।

(घ) प्रदेशको सहकारी अभियानलाई प्रभावकारी ढंगमा अगाडी बढाउनका लागि स्थानिय, प्रदेश तथा राष्ट्रिय स्तरका संघ संस्था तथा सम्बन्धित अन्य निकायहरू बीच समन्वय एवं सम्बन्ध कायम गर्ने।

(ङ) सदस्य संस्थाहरूको माध्यमबाट व्यक्ति, समुदाय, समाज र राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक एवं वातावरणीय विकासका लागि सहयोग पुऱ्याउने।

(च) संघको आवश्यकताको आधारमा बैंक तथा वित्तीय संस्थाहरूसंग ऋण लिने।

# अध्यक्षको मन्तव्य



यस संघको गरिमामय चौथो वार्षिक साधारणसभाको प्रमुख आतिथ्यता ग्रहण गर्नु हुने प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका मित्रहरु, संघको विभिन्न उप समितिमा रहनुभएका सदस्यज्यूहरु र विभिन्न जिल्लाका संघ/संस्थाहरुबाट प्रतिनिधित्व गर्दै आउनु भएका सम्पूर्ण प्रतिनिधि साथीहरु तथा संचारकर्मी मित्रहरु सम्पूर्णमा संचालक समितिको तर्फबाट हार्दिक स्वागत् एवम् न्यानो सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधान २०७२ ले व्यवस्था गरेको संघीयता सहितको तीन तहको राज्य संरचना, सहकारी ऐन २०७४ र नियमावली २०७५ तथा बागमती प्रदेश सहकारी ऐन र नियमावली २०७६ बमोजिम सहकारी अभियानलाई व्यवस्थित तथा सुदृढ गर्नका लागि देशकै पहिलो प्रदेश सहकारी संघको रुपमा बागमती प्रदेश सहकारी संघ लिमिटेड दर्ता भई नियमित रुपमा सहकारी अभियानमा बहस पैरवी गर्नुका साथै आफ्ना छाता भित्र रहेका प्राराम्भिक संस्थाहरु देखि विषयगत जिल्ला संघहरु, जिल्ला संघहरु र विषयगत प्रदेश सहकारी संघहरुको क्षमता अभिवृद्धिका क्रियाकलापहरु सञ्चालन गरिरहेका व्यहोरा अवगत गराउन चाहन्छु । संघले सहकारीसँग सम्बन्धित विभिन्न निकाय र अंगहरुसँग निरन्तर सहकार्य गर्दै अगाडी बढी रहेको छ । सरकारले समस्यामा रहेका सहकारीहरुको व्यवस्थापनका लागि कार्य गरिरहेको भए तापनि सहकारी अभियानलाई मजबुत बनाउनका लागि राज्य पक्षबाट जुन किसिमको कार्ययोजनाको अपेक्षा गरिएको थियो त्यो हालसम्म पनि पुरा हुन सकिरहेको छैन । कर्जा सूचना केन्द्र, ऋण असूली न्यायाधीकरण, बचत तथा ऋण सुरक्षण कोष जस्ता सहकारी ऐनमै व्यवस्था गरिएका संरचनाहरु हालसम्म पनि स्थापना हुन सकिरहेको छैन । वर्तमान सहकारी समस्याले गर्दा हामी सबैलाई समयमा नै सच्चिएर अगाडी बढ्नुपर्ने पाठ सिकाएको छ । राज्य पक्ष र सहकारीकर्मीहरुले सहकारीका सकारात्मक अभ्यासहरुलाई प्राथमिकता दिँदै आफ्नो गतिविधि सञ्चालन गर्नु उपयुक्त कदम हुने देखिन्छ । यस बिचमा सहकारी अभियानको तर्फबाट विभिन्न प्रकारका बहश, पैरवीहरु तथा छलफल लगायतका क्रियाकलापहरु निरन्तर रुपमा भई नै रहेका छन् ।

समय गतिशिल छ, त्यसैले समयको माग र पदचापलाई हृदयङ्गम गर्दै नीति, विधि र प्रविधिमा आधारित भएर सहकारी अभियानलाई सही मार्गमा डोऱ्याउनु बुद्धिमतापूर्ण कार्य हुनेछ । सहकारी संघ/संस्थाहरुको प्रभावकारीता बढाई कार्य सञ्चालन गर्ने र सुशासन कायम गर्ने किसिमका कार्ययोजनाहरु बनाई नियामक निकायसँगको सहकार्यमा संघले निरन्तर रुपमा तालिम, अन्तर्क्रिया र गोष्ठी जस्ता विविध कार्यक्रमहरु गरिरहेको छ । भौगोलिक हिसाबले रसुवादेखी सिन्धुलीसम्म १३ वटा जिल्लाहरुको अवस्थिति रहेको यस प्रदेशमा सहकारीहरुले गरेका उदाहरणीय कार्यहरु प्रशस्तै रहेका छन् । समुदायमा आधारित भएर सञ्चालित सहकारीहरुले सदस्यहरुको जिवनस्तर उकास्नका लागि विभिन्न रचनात्मक कार्यहरु गरिरहेका छन् । कतिपय राम्रो गर्न प्रयासरत तर प्राविधिक ज्ञानको कमीले गर्दा सोचे अनुरुप प्रगति गर्न नसकेका संस्थाहरु पनि रहेका छन् । त्यस्ता संस्थाहरुलाई उचित किसिमको शिक्षा, तालिम र प्राविधिक सहयोग उपलब्ध गराउने गरि कार्यक्रमहरु सञ्चालन गर्दै सहकारी अभियानलाई सुदृढ र सक्षम बनाउने योजना अनुरुप संघले कार्य गरिरहेको व्यहोरा यहाँ

राख्न चाहन्छु। संघको अग्रसरतामा विभिन्न जिल्लाहरुमा समसामयीक विषयमा अन्तर सम्वाद कार्यक्रम सञ्चालन गरि त्यहाँका सहकारी संघ/संस्थाहरुको समस्या पहिचान गरि समाधानका लागि पहलकदमी गर्ने कार्य भएको छ। विषयगत प्रदेश संघहरु, जिल्ला संघहरु, विषयगत जिल्ला संघहरु र प्रारम्भिक संस्थाहरुको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्दा प्रभावकारी हुने हुँदा यस्तो प्रकृतिको कार्यक्रम प्रदेशभित्रका १३ वटै जिल्लामा थालनी गरिएको व्यहोरा यहाँहरुलाई अवगत नै छ।

भनिन्छ जहाँ धेरै समस्या र चुनौति हुन्छ, अवसर पनि त्यहिँ नै हुन्छ। बागमती प्रदेश सहकारी अभियानको त्यस्तो थलो हो, जहाँ सबैभन्दा बढी सहकारीको समस्या रहेको छ र सहकारीले गरेका उदाहरणीय कार्यहरु पनि त्यत्तिकै छन्। हाल देखिएको सहकारीको समस्या समाधान गर्नका लागि बागमती प्रदेश सरकारले गठन गरेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले गत श्रावण महिनादेखि काठमाडौंको अनामनगरमा कार्यालय स्थापना गरि कार्य शुरु गरेको छ। जसमा यस संघको पनि प्रतिनिधित्व रहने छ। राज्य पक्ष र सहकारी अभियानले सहकारीहरुको उचित व्यवस्थापनका लागि समस्यामा परिसकेका, समस्या उन्मुख भएका र समस्या नदेखिएका संस्थाहरुको वर्गीकरण गरेर सोहि अनुरुपको कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुने देखिन्छ। पछिल्लो समयको घटनाक्रमले सहकारीमा देखिएको समस्याको हलका लागि प्रदेश रजिष्ट्रारको कार्यालय र यस संघको समन्वयमा प्रदेशभित्रका वित्तीय कारोबार गर्ने सहकारी संघहरुको पनि नियमित रुपमा निरीक्षण र अनुगमन गर्नु जरुरी भैसकेको छ। सहकारी ऐन २०७४ र नियमावली २०७५ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकेको खण्डमा सहकारीका अधिकतम समस्याहरु समाधान गर्न सकिन्छ। नियामक निकायले सहकारीका गतिविधिहरुलाई सहज बनाई आम सदस्यहरुमा उत्साह प्रवाह गर्ने गरि कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुन्छ।

"सुदृढ अभियान सशक्त तथा सक्षम संघ" भन्ने मूल नाराका साथ बागमती प्रदेश भित्रको सम्पूर्ण सहकारी संघ/संस्थाहरुको छाता संघको रुपमा यो संघ र हालसम्म दुईवटा मात्र विषयगत प्रदेश सहकारी संघहरु प्रदेश बचत तथा ऋण संघ तथा प्रदेश कृषि संघ स्थापना भएका छन्। स्वभाविक रुपमा बचत तथा ऋणको कारोबार नगर्ने भएकाले यस संघको कारोबारको आकार तुलनात्मक रुपमा सानो देखिए तापनि आफ्ना सदस्य तथा गैर सदस्य सहकारी संघ/संस्थाहरुको विकास र प्रवर्द्धनका लागि यसले थुप्रै क्रियाकलापहरु सञ्चालन गर्दै आएको कुरा जगजाहेर छ। जिल्ला स्तरका संघहरुसँगको सहकार्यमा विभिन्न तालिम, गोष्ठी तथा अन्तर्क्रियाहरुको माध्यमबाट सहकारी शिक्षा प्रदान गर्दै आईरहेको र आगामी दिनहरुमा पनि थप कार्यक्रमहरु निरन्तर गर्दै जाने योजना संघले बनाएको छ। छाता संघ सबल र सक्षम भई प्रभावकारी रुपमा कार्य सञ्चालन गर्न सकेको खण्डमा मात्र सहकारी अभियान पनि प्रभावकारी रुपमा बढ्न सक्ने भएकोले गर्दा बागमती प्रदेशभित्र रहेका सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई यसमा आबद्ध भएर अभियानप्रति ऐक्यबद्धता जनाउनुहुनका लागि म यसै सभा मार्फत हार्दिक अनुरोध गर्न चाहन्छु। छाता संघको रुपमा एउटा अभिभावकले निर्वाह गर्नुपर्ने भूमिका सकेसम्म आर्थिक, प्रशासनिक तथा अन्य विभिन्न प्रकारले बहन गर्नका लागि संघ हरदम तयार रहेको छ। सदस्यहरुलाई सहज, सुलभ तथा न्यून लागत वा निःशुल्क रुपमा संघबाट प्रदान गरिने सेवा तथा सुविधाहरु प्रदान गरिरहेको छ र भविष्यमा पनि प्रयत्नशील रहने छ।

बागमती प्रदेश र यस प्रदेश भित्रका ११९ वटा पालिकालाई कार्यक्षेत्र बनाएर दर्ता भएका सम्पूर्ण प्रकृतिका सहकारी संघ तथा प्रारम्भिक संस्थाहरु यस संघमा सदस्यको रुपमा आबद्ध हुन सक्ने व्यवस्था भए पनि हालसम्म संघको सदस्य संख्या न्यून रहेकोले गर्दा चालू आर्थिक वर्षबाट संघले सदस्यता विस्तारमा विशेष पहल गर्ने छ। हाल मुलुकमा कुन कुन तहका सहकारी संघहरु रहने भनेर बहस भईरहेको अवस्थामा देशको संविधानले नै स्थानिय, प्रादेशिक र केन्द्रीय गरी तीन तहको सरकार रहने व्यवस्था गरेको र प्रचलित कानून अनुरुप गठन भएको बागमती प्रदेश सहकारी संघको महत्व र आवश्यकता भविष्यमा अझ बढी महशुस हुँदै गईरहेको हुनाले यसको औचित्य पुष्टि हुनेछ भन्न चाहन्छु र राज्यको शाशकीय स्वरुप

बमोजिमको संरचना बमोजिम गठन भएको यस संघलाई प्रादेशिक सहकारी अभियानको मूल नेतृत्वको रुपमा विकास गरिने व्यहोरा जानकारी गराउन चाहन्छु । बागमती प्रदेशमा देशको संघीय राजधानी समेत रहेकाले यो प्रदेश र यस भित्र रहेका संघ/संस्थाहरुको भूमिका अझ बढी महत्वपूर्ण हुनेछ । प्रदेशको छाता संघको रुपमा रहेको बागमती प्रदेश सहकारी संघले सहकारी अभियानलाई व्यवस्थित रुपमा संचालन र व्यवस्थापन गर्नका लागि संघीय सरकार, प्रदेश सरकार तथा विभागीय मन्त्रालय र सरोकारवाला निकायहरुसँग समन्वय गरी यहाँ रहेका प्राम्भिक सहकारी संस्थाहरु, विषयगत जिल्ला संघहरु, जिल्ला संघहरु र विषयगत प्रदेश सहकारी संघ तथा संस्थाहरुको स्तर उन्नती र विकासका लागि आवश्यक सहयोग गर्ने लगायत यस प्रदेशको १३ वटा जिल्लाका ११९ वटै पालिकाहरुसँग समन्वय गरी सहकारी संस्थाहरुको दीगो विकासका लागि सहयोग गरिने छ । सदस्य संघ/संस्थाको क्षमता विकास गराई सञ्चालन प्रभावकारीता वृद्धि गर्नका लागि चालू आ.व. देखि सदस्य संघ/संस्थाहरुको स्तरीकरण कार्यक्रम शुरु गर्ने योजना संघले बनाएको छ । अत : संघको यस कार्यक्रममा सहभागी भई आफ्नो संस्था सुदृढीकरणका लागि म सम्पूर्ण प्रतिनिधिज्यूहरुमा यसै कार्यक्रम मार्फत् अनुरोध गर्न चाहन्छु ।

अन्त्यमा,

मुलुकको पहिलो प्रदेश सहकारी संघको रुपमा स्थापित यस संघको पहिलो कार्यकाल आजैबाट समाप्त भएर दोश्रो कार्यकालका लागि निर्वाचन प्रक्रिया मार्फत् आजैका दिन नयाँ सञ्चालक र लेखा सुपरीवेक्षण समिति चयन हुने छ । मेरो नेतृत्वमा रहेको विगत चार वर्षको संघको गतिविधि र प्राप्त परिणामको मूल्यांकन गर्ने जिम्मा यहाँहरुको हातमा सुम्पन चाहन्छु । अभियानका तिता मीठा यात्रामा प्राप्त तपाईंहरुको साथ र सहयोगलाई सदैव स्मरण गर्दै भावी दिनहरुमा थप क्रियाशील हुँदै अभियानमा रहिरहने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । संघको गतिशिलातामा तीब्रता ल्याई संघलाई मजबुत बनाउनका लागि सहयोग गर्नुहुने, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, प्रदेश सरकार सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, प्रदेश सहकारी विकास बोर्ड,अग्रज सहकारी अभियान्ताहरु र सदस्य संघ/संस्थाहरुप्रति हार्दिक कृतज्ञता एवम् आभार व्यक्त गर्दछु । आजको यस गरिमामाय चौथो वार्षिक साधारण सभालाई सफल पार्न हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथिज्यू, अन्य अतिथिज्यूहरु र सम्पूर्ण उपस्थित महानुभावहरु, शुभचिन्तकहरु, सञ्चालक, लेखा समिति, सम्पूर्ण उप समिति र सञ्चारकर्मीहरुमा कृतज्ञता ज्ञापन गर्दै यस सभालाई सफल बनाउन हौसला प्रदान गर्नुहुने उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद् ज्ञापन गर्दछु ।

धन्यवाद !

जय सहकारी !

रामशरण शर्मा घिमिरे

अध्यक्ष

# बागमती प्रदेश सहकारी संघ लिमिटेडको चौथो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन र आगामी कार्यक्रम



यस गरिमामय चौथो वार्षिक साधारण सभाका श्रद्धेय अध्यक्षज्यू, आदरणीय प्रमुख अतिथि माननिय मन्त्रीज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका मित्रहरु, विभिन्न उप समितिका सदस्यज्यूहरु र विभिन्न जिल्लाका संघ/संस्थाहरुको प्रतिनिधित्व गर्दै आउनु भएका प्रतिनिधिज्यूहरु तथा सम्पूर्णमा सर्वप्रथम व्यस्त समयका बाबजुद पनि उपस्थित भई साधारण सभाको गरिमा बढाइदिनु भएकोमा हृदय देखी आभार व्यक्त गर्न चाहन्छु।

मुलुकको शासकीय व्यवस्था बमोजिम बागमती प्रदेशभित्र रहेका प्रदेशस्तर र प्रदेशभित्रका ११९ वटा पालिकामा दर्ता भएका सम्पूर्ण प्रकृतिका सहकारी संघ तथा संस्थाहरुको छाता संघको रुपमा वि.सं. २०७७ श्रावण १३ गतेका दिन यो संघको स्थापना भएको हो। वित्तीय कारोबारलाई भन्दा गैर वित्तीय कारोबारलाई प्राथमिकतामा राखेर आफ्नो कार्य सञ्चालन गरिरहेको यो संघ सहकारीको विकास र प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्नमा नै तल्लिन रहेको छ। सहकारीलाई समाजको अभिन्न पाटोको रुपमा चित्रित गरिसकेपछी सामाजिक, आर्थिक र साँस्कृतिक उन्नयनका लागि यसको महत्वपूर्ण भूमिका रहनु पर्दछ। जुन उद्धेश्यका साथ सहकारीको स्थापना गरिएको हो सोही कार्य पूरा गर्नका लागि नैतिक रुपले कार्य गर्दै जाँदा अवश्य पनि सफलताको शिखरमा पुग्न सकिन्छ। तीन खम्बे अर्थनीतिको अवलम्बन गरिरहँदा सहकारी क्षेत्रको योगदानलाई नजर अन्दाज गर्न मिल्दैन। स्थानिय श्रोत र साधनको उत्पादन देखी बजारीकरण सम्ममा सहकारीको अतुलनिय योगदान रहको छ। मानिसको जिवनको प्रारम्भ देखी अन्त्य सम्म पनि सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गरिराखेको हुन्छ। आर्थिक सशक्तिकरणका लागि सहकारी एक मजबुत माध्यमको रुपमा रहेको पाउन सकिन्छ। "एकका लागि सबै र सबैका लागि एक" भन्ने मूल मन्त्रबाट विकसित भएको सहकारी अभियानको माध्यमबाट आज समाज, राज्य र सिङ्गो विश्वले प्रगति गरेका थुपै उदाहरणहरु पाउन सकिन्छ। "सुदृढ अभियान, सशक्त तथा सक्षम संघ" भन्ने मूल नाराका साथ अगाडी बढिरहेको यस संघ अभियान सुदृढीकरणका लागि हरदम लागि परि नै रहेको छ। अन्य छ वटा प्रदेशहरुको दाँजोमा यस प्रदेशमा सहकारी अभियानलाई चलायमान र गतिशील बनाउनका लागि यो संघ दृढ प्रतिज्ञा सहित अगाडी बढीरहेको छ। समग्र प्रादेशिक सहकारी अभियानको नेतृत्व गरिरहेको यस संघको साथमा साथ र हातमा हात मिलाएर सँगसँगै सहकार्य गर्नका लागि संघमा आबद्ध हुन बाँकी रहेका सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई यसै सभा मार्फत् संघमा जोडिनका लागि हार्दिकतापूर्वक अनुरोध गर्न चाहन्छु।

श्रद्धेय अध्यक्षज्यू लगायत उपस्थित महानुभावहरु,

अब म संघले आ.व. २०८०।०८१ मा सञ्चालन गरेका कार्य प्रगति विवरण बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु :

### १. सदस्य विस्तार

आर्थिक मन्दी र सहकारी क्षेत्रमा देखिएको तरलता अभावको कारणले गर्दा अपेक्षाकृत रुपमा सदस्यता वृद्धि गर्न कठीनाई भईरहेको परिप्रेक्षमा हालसम्म सदस्य संख्या ४५० पुगी क्रमिक रुपमा सदस्यता विस्तार भई रहेको छ।

## २. कार्यालय, कर्मचारी तथा सञ्चार व्यवस्थापन

### क) कार्यालय व्यस्थापन

संघको कार्यालय ललितपुर महानगरपालिकाको वडा नं. १५, महालक्ष्मीस्थान स्थित जिल्ला सहकारी संघ लिमिटेड ललितपुरको भवनबाट कार्य सञ्चालन गर्दै आईरहेको छ।

### ख) कर्मचारी व्यवस्थापन

संघको दैनिक कार्य सञ्चालन र व्यवस्थापनका लागि देहाय अनुसारका कर्मचारीहरुको नियुक्ति गरि कार्यसञ्चालन गर्दै आईरहेको छ :

| क्र.स. | पद | संख्या | नियुक्त मिति |
|---|---|---|---|
| १. | व्यवस्थापक | १ | २०७९ श्रावण १ |
| २. | सहायक | १ | २०८१ कार्तिक १ |

### घ) सफ्टवेयरको व्यवस्था

संघले आफ्नो दैनिक कारोबारलाई व्यवस्थित गर्नका लागि संघको प्राविधिक सहयोगी पायोनियर एसोसीएटसँगको सहकार्यमा (Nexgen Cosys) सफ्टवेयरको प्रयोग गर्दै आईरहेको छ। सदस्यहरुको व्यवस्थित रुपमा तथ्यांक प्रविष्टि गरि कारोबारमा सहजता ल्याउनका लागि सफ्टवेयरको प्रयोगले सहजता प्रदान गरेको छ।

### ङ) सूचना तथा सञ्चार प्रविधिको व्यवस्था

आधुनिक समय अनुकूल प्रविधि र साधनको प्रयोग मार्फत् संघको कार्यसञ्चालन व्यवस्थित बनाउनका लागि प्राविधिक सहयोगीको रुपमा पायोनियर एसोसिएट प्रा.लि. लाई नियुक्त गरी उक्त कम्पनीसँगको साझेदारी र सहकार्यमा प्राविधिक कार्यहरु सञ्चालन गरिएका छन्। संघले निम्न बमोजिमको प्रविधिको प्रयोग मार्फत् सूचना तथा सञ्चारको सम्प्रेषण गर्दै आईरहेको छ :

अ) संघका सदस्य संघ/संस्था, नियामक निकाय, साझेदार तथा सरोकारवाला र वर्तमान विश्वव्यापी सञ्जाललाई सूचना र जानकारीको पहूँचमा राख्नका लागि वेवसाइट (http://bpcl.com.np) को विकास गरिएको छ। संघका विविध गतिविधि तथा कार्यक्रमहरु वेवसाईट मार्फत् विश्वका जुनसुकै स्थानबाट पनि सहज रुपमा हेर्न सकिने व्यवस्था गरिएको छ।

आ) समाजिक सञ्जालको बढ्दो प्रयोगलाई ध्यानमा राखेर संघले सञ्चालन गरेका विभिन्न गतिविधि र क्रियाकलापहरुको निरन्तर रुपमा सूचना तथा जानकारी सदस्यहरुलाई गराउनका लागि संघले (http://www.facebook.com/bagamatipradesh) को फेसबुक पेज निर्माण गरि सो मार्फत् अद्यावधिक गर्ने गरिएको छ।

## ३. बैठकहरु :

आवश्यकता अनुसार भौतिक र भर्चुअल दुवै माध्यमबाट संघका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र विभिन्न उप समितिहरुको बैठक निम्न बमोजिम बसेका छन् :

| क्र.स. | समिति/उप समितिको नाम | बैठक संख्या |
|---|---|---|
| १. | सञ्चालक समिति | १३ |
| २. | लेखा सुपरीवेक्षण समिति | ४ |
| ३. | अन्तर लगानी तथा असूली उप समिति | २ |
| ४. | शिक्षा तथा तालिम उप समिति | २ |
| ५. | सदस्यता विस्तार उप समिति | १ |
| ६. | नीति निर्माण उप समिति | १ |
| ७. | अनुगमन उप समिति | १ |

| क्र.स. | समिति/उप समितिको नाम | बैठक संख्या |
|---|---|---|
| ८. | महिला सशक्तिकरण उप समिति | १ |
| ९. | सूचना, संचार तथा प्रकाशन उप समिति | १ |
| १०. | व्यवसाय प्रवर्द्धन उप समिति | १ |
| ११. | संघ/संस्था सुदृढीकरण उप समिति | १ |
| १२. | युवा परिचालन उप समिति | १ |
| १३. | सहकारी प्रवर्द्धन उप समिति | १ |
| | | |

**४. शिक्षा तथा तालिम कार्यक्रम**

संघले सदस्य संघ/संस्थाहरुको माग र आवश्यकताको आधारमा विभिन्न किसिमका अभिमुखीकरण तथा तालिम कार्यक्रमहरु सञ्चालन गरि सहकारी शिक्षा प्रदान गर्दै आईरहेको छ। खासगरि सहकारी सञ्चालनका आधारभूत पक्षदेखि लिएर एडभान्स किसिमका तालिम कार्यक्रमहरु संघले गर्ने गरेको छ। वित्तीय साक्षरता वृद्धि गरि सुशासन कायम गराउनका लागि संघले आ. व. २०८०/०८१ मा गरेका केही तालिम कार्यक्रमहरु यसप्रकार रहेका छन् :

| क) बागमती प्रदेश सहकारी विकास बोर्डसँगको साझेदारीमा सञ्चालित कार्यक्रमहरु | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | तालिमको नाम | सञ्चालन मिति | स्थान | उपस्थिति संख्या (जना) | | |
| | | | | संघबाट | संस्थाबाट | जम्मा |
| १. | सहकारी नेतृत्व विकास तालिम | २०८०/०८/२५ देखी २८ सम्म | ललितपुर | ३० | ५० | ८० |
| २. | आधारभूत सहकारी व्यवस्थापन तालिम | २०८०/१०/२१ देखी २६ सम्म | काठमाडौं | ५ | १५ | २० |
| **ख) बागमती प्रदेश सहकारी प्रशिक्षालयसँगको समन्वयमा सञ्चालित कार्यक्रम** | | | | | | |
| क्र.स. | तालिमको नाम | सञ्चालन मिति | स्थान | उपस्थिति संख्या (जना) | | |
| | | | | संघबाट | संस्थाबाट | जम्मा |
| १. | पर्ल्स अनुगमन प्रणाली सम्बन्धी ३ दिने तालिम | २०८०/१०/१७ देखी १९ सम्म | ललितपुर | ९ | २१ | ३० |
| **ग) थाहा नगरपालिकासँगको समन्वयमा सञ्चालित कार्यक्रम** | | | | | | |
| क्र.स. | तालिमको नाम | सञ्चालन मिति | स्थान | उपस्थिति संख्या (जना) | | |
| | | | | संघबाट | संस्थाबाट | जम्मा |
| १. | पर्ल्स तथा कोपोमिस तालिम | २०८१/०१/०३ देखी ०५ सम्म | मकवानपुर | ० | २५ | २५ |

| घ) बुढानिलकण्ठ नगरपालिकासँगको समन्वयमा सञ्चालित कार्यक्रम | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | तालिमको नाम | सञ्चालन मिति | स्थान | उपस्थिति संख्या (जना) | | |
| | | | | संघबाट | संस्थाबाट | जम्मा |
| १. | सहकारीमा वित्तीय व्यवस्थापन तालिम | २०८१/०२/२४ | काठमाडौं | ० | ३० | ३० |

| घ) आई.सी.एस्. नेपाल प्रा.लि.सँगको समन्वयमा सञ्चालित अनलाइन तालिम (वेबिनार)कार्यक्रम | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | तालिमको नाम | सञ्चालन मिति | स्थान | उपस्थिति संख्या (जना) | | |
| | | | | संघबाट | संस्थाबाट | जम्मा |
| १. | KYM- AML/CFT & goAML तालिम | २०८०/११/२९ | अनलाईन | - | - | १०० |

| घ) उपभोक्ता सहकारी संघ लिमिटेड ललितपुरसँग संघको प्राविधिक सहयोगमा सञ्चालित कार्यक्रम | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | तालिमको नाम | सञ्चालन मिति | स्थान | उपस्थिति संख्या (जना) | | |
| | | | | संघबाट | संस्थाबाट | जम्मा |
| १. | आधारभूत सहकारी व्यवस्थापन तालिम | २०८०/११/२७ देखी २०८०/१२/०२ सम्म | ललितपुर | ५ | २५ | ३० |

| ङ) रामेछाप जिल्ला सहकारी संघ लिमिटेडसँग संघको प्राविधिक सहयोगमा सञ्चालित कार्यक्रम | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | तालिमको नाम | सञ्चालन मिति | स्थान | उपस्थिति संख्या (जना) | | |
| | | | | संघबाट | संस्थाबाट | जम्मा |
| १. | आधारभूत सहकारी व्यवस्थापन तालिम | २०८१/०१/११ देखी १६ सम्म | रामेछाप | ४ | २६ | ३० |

**५. अन्तर्क्रिया/गोष्ठी**

प्रदेशको छाता संघ हुनुको नाताले संघले आफ्ना सदस्यहरुलाई मात्र नभई गैर सदस्य सहकारी संघ/संस्थाहरुलाई समेत सहभागी गराई प्रदेश भित्रका हरेक जिल्ला र पालिकाहरुमा सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागी गराई सहकारी प्रवर्द्धनका लागि कार्य गरिरहेको छ। जसको फलस्वरुप संघले आयोजना गरेको निम्न कार्यक्रमहरुमा उत्साहजनक रुपमा सहकारीका सदस्यहरुको उपस्थिति रहेको देखिन्छ।

| क) जिल्लास्तरीय संघहरु, पायोनिएर एशोसिएट र मोवाईल फाईनान्स टेक्नोलोजीसँगको सहकार्यमा सञ्चालित कार्यक्रम | | | | |
|---|---|---|---|---|
| क्र.स. | कार्यक्रम | मिति | स्थान | सहभागी संख्या |
| १. | सहकारी सञ्चालनको असल अभ्यासमा अध्यक्ष र व्यवस्थापनको भूमिका | २०८० श्रावण २७ | धादिङ | १०० जना |
| २. | सहकारी सञ्चालनको असल अभ्यासमा सुशासनका आयामहरु र व्यवहारिक प्रयोग | २०८० भाद्र ८ | चितवन | १५० नजा |
| ३. | सहकारीको वर्तमान अवस्था र सम्भावित निकासका उपायहरु | २०८० फागुन १९ | मकवानपुर | १०० जना |
| ४. | सहकारीको वर्तमान अवस्था र सम्भावित निकासका उपायहरु | २०८० फागुन २० | सिन्धुली | १०० जना |
| ५. | सहकारीको वर्तमान अवस्था र सम्भावित निकासका उपायहरु | २०८० फागुन २१ | रामेछाप | १२० जना |
| ६. | सहकारीको वर्तमान अवस्था र सम्भावित निकासका उपायहरु | २०८० फागुन २२ | दोलखा | १५० जना |
| ७. | सहकारीको वर्तमान अवस्था र सम्भावित निकासका उपायहरु | २०८० फागुन २३ | सिन्धुपाल्चोक | ७५ जना |
| ८. | सहकारीको वर्तमान अवस्था र सम्भावित निकासका उपायहरु | २०८० चैत्र १६ | रसुवा | ७० जना |
| ९. | सहकारीको वर्तमान अवस्था र सम्भावित निकासका उपायहरु | २०८० चैत्र १७ | नुवाकोट | ८० जना |
| १०. | सहकारीको वर्तमान अवस्था र सम्भावित निकासका उपायहरु | २०८१ बैशाख २८ | भक्तपुर | १०० जना |
| ख) हेफर ईन्टरनेशनल, सेवा नेपाल र संघको संयुक्त आयोजनामा सञ्चालित कार्यक्रम | | | | |
| क्र.स. | कार्यक्रम | मिति | स्थान | सहभागी संख्या |
| १. | सामाजिक उद्यमी महिला सहकारीहरुको अवस्था बारे नीतिगत पैरवी तथा अन्तर्क्रिया कार्यक्रम | २०८१ जेठ २३ | मकवानपुर | ५५ जना |
| ग) बागमती प्रदेश सहकारी विकास बोर्डसँगको समन्वयमा सञ्चालित कार्यक्रम | | | | |
| क्र.स. | कार्यक्रम | मिति | स्थान | सहभागी संख्या |
| १ | सहकारी क्षेत्रमा देखा परेका समस्या र निराकरण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम | २०८० मंसिर २९ | काठमाडौं | १५० जना |

**६. संघका कार्यविधि, विनियमावली, नीति र निर्देशिकाहरु**

सहकारी ऐन र नियमावली बमोजिम संघको कार्य व्यवस्थित रुपले सञ्चालन गरि प्रभावकारिताका साथ संघको गतिविधि सञ्चालन गर्नका लागि हालसम्म निम्नानुसारका कार्यविधि, विनियमावली,नीति तथा निर्देशिकाहरु पारित गरि कार्यान्वयनमा ल्याईएका छन् ः-

क) बैठक सञ्चालन कार्यविधि, २०७८

ख) आर्थिक प्रशासन विनियमावली, २०७८

ग) कर्मचारी प्रशासन विनियमावली, २०७८

घ) उप समिति गठन तथा सञ्चालन कार्यविधि, २०७८

ङ) निर्वाचन निर्देशिका, २०७८

च) अन्तर लगानी तथा असूली नीति, २०८०

छ) सम्मान तथा प्रोत्साहन नीति, २०८०

**७. स्थापना दिवस कार्यक्रम**

संघको तेश्रो स्थापना दिवस वि.सं. २०८१ श्रावण १३ गते भक्तपुरको मध्यपुर थिमी नगरपालिका, वडा नं. ३, अन्नपूर्ण तरकारी तथा फलफूल बजारसँगै रहेको हनुमन्ते करिडोरमा बृहद् वृक्षारोपण गरेर मनाइएको थियो । जसमा ३० प्रजातीका २०० भन्दा बढी फलफुलका बोटविरुवाहरु रोपिएको थियो भने सो क्षेत्रका सामाजिक अभियन्ता लगायत सहकारी कर्मीहरुको बाक्लो उपस्थिति सहित १५० जनाको उस्थितिमा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो ।

**८. सहकारी अभियानमा सहभागिता**

राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैक, केन्द्रीय सहकारी संघहरु, प्रदेश सहकारी संघहरु, जिल्ला सहकारी संघहरु र प्रारम्भिक सस्थाहरुको साधारण सभा, गोष्ठी, छलफल तथा अन्तर्क्रिया कार्यक्रमहरुमा संघका विभिन्न पदाधिकारीहरुको सहभागीता भएको छ, साथै सरकारी तथा गैर सरकारी निकायहरुको कार्यक्रमहरुमा पनि सहभागीता रहेको छ ।

**९. समन्वय र सहकार्य**

क) प्रादेशिक सहकारी अभियानको तर्फबाट संघीय, प्रादेशिक र स्थानिय सरकारसँग कार्यक्रमहरुमा सहभागी हुँदै सहकारी क्षेत्रका समस्याहरुलाई समाधान गर्ने र पहलकदमीमा लाग्ने काम भइरहेको छ । प्रदेश भित्रका १३ वटै जिल्लास्तरका सहकारी संघहरुसँगको समन्वयमा सदस्य जागरण कार्यक्रम सञ्चालन गरिएको छ ।

ख) बागमती प्रदेश सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय अन्तर्गत प्रदेश सहकारी विकास बोर्डसँगको सहकार्यमा दुईवटा तालिम सम्पन्न गरिएको छ । त्यसैगरि प्रदेश सहकारी तालिम केन्द्रसँगको समन्वयमा एउटा तालिम सम्पन्न गरिएको छ ।

ग) मकवानपुर जिल्लाको थाहा नगरपालिका र काठमाडौं जिल्लाको बुढानिलकण्ठ नगरपालिकासँगको समन्वयमा एक/एक वटा तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।

घ) गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँगको सहकार्यमा सहकारीको नीतिगत पैरवीका लागि अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

### १०. पहलकदमी

संघको तर्फबाट समय समयमा राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, केन्द्रीय संघहरु, प्रदेश विषयगत संघ तथा जिल्ला संघहरु लगायत विभिन्न फोरम तथा मञ्चहरुमा सहकारी क्षेत्रमा देखिएका समस्याहरुको समाधानका लागि कार्यदलमा प्रतिनिधित्व गर्दै छलफल र कार्यक्रममा विशेष रुपमा आवाज उठाउँदै आईरहेको छ । सहकारीमा देखिएका विविध समस्या समाधानका लागि संघले गरेका पहलकदमीहरु निम्न अनुसार प्रस्तुत गरिएको छ ः

| क्र. स | पहलकदमी | स्थान | मिति | उपस्थिति |
|---|---|---|---|---|
| १. | प्रदेश स्तरीय सहकारी अभियानको तर्फबाट बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका सचिव, प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष र प्रदेश सहकारी महाशाखाका रजिष्ट्रारलाई सुझाव पत्र पेश | हेटौंडा, मकवानपुर | २०८०/०४/०७ | अध्यक्ष, सचिव र बागमती प्रोस्कूनका अध्यक्ष |
| २. | बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारी मन्त्री समक्ष आ.व. २०८१।०८२ मा सहकारी क्षेत्रको लागि गर्नुपर्ने कार्यक्रम तथा अनुमानित बजेट सहितको प्रस्ताव पेश | हेटौंडा, मकवानपुर | २०८१/०२/१६ | अध्यक्ष, लेखा संयोजक,वरिष्ठ उपाध्यक्ष, सचिव र व्यवस्थापक |
| ३. | बागमती प्रदेश सरकारका मुख्यमन्त्री, बागमती प्रदेश सभाका उप सभामुख तथा बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीसँग छुट्टाछुट्टै भेट गरि वर्तमान सहकारी समस्या समाधानका लागि सुझाव पेश | हेटौंडा, मकवानपुर | २०८१/०२/१६ | अध्यक्ष, लेखा संयोजक,वरिष्ठ उपाध्यक्ष, सचिव र व्यवस्थापक |
| ४. | बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले आयोजना गरेको आ.व. २०८१।०८२ को बजेट तर्जुमाका सम्बन्धमा जि.स.स. महासंघ, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ र प्रदेश सहकारी संघसँग पूर्व बजेट छलफल कार्यक्रममा सहभागी भई सहकारी क्षेत्रको लागि विनियोजन गर्नुपर्ने बजेटको बारेमा सुझाव पेश | हेटौंडा, मकवानपुर | २०८१/०२/१७ | अध्यक्ष, लेखा संयोजक,वरिष्ठ उपाध्यक्ष, सचिव र व्यवस्थापक |

### ११. सम्मान तथा प्रोत्साहन कार्यक्रको निरन्तरता

संघले आफ्ना सदस्य संघ/संस्थाहरुको प्रोत्साहनका लागि गत आ.व. बाट संघको सम्मान तथा प्रोत्साहन नीति अनुरुप उत्कृष्ट कार्य गर्ने सदस्य संघ/संस्था तथा कर्मचारी, सहकारी अभियन्ता र सहकारी पत्रकारहरुलाई सम्मान कार्यक्रमको

शुरुवात गरे बमोजिम गत वर्ष निम्न विधामा पुरस्कार तथा सम्मान प्रदान गरिएको थियो :

क) उत्कृष्ट सहकारी अभियान्ता - श्री दीपक प्रकाश बाँस्कोटा,संस्थापक अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ

ख) उत्कृष्ट प्रदेश/जिल्ला/सहकारी संघ/विषयगत संघ- जिल्ला सहकारी संघ लिमिटेड, दोलखा

ग) उत्कृष्ट सहकारी संस्था- कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड, ललितपुर

घ) उत्कृष्ट सहकारी संस्था (महिला)- लक्ष्मी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, काभ्रेपलाञ्चोक

ङ) प्रदेश उत्कृष्ट व्यवस्थापक (संघहरु मध्येबाट)- श्री केशवप्रसाद दहाल, सीईओ, बागमती प्रोस्कून

च) प्रदेश उत्कृष्ट व्यवस्थापक (संस्थाहरु मध्येबाट)- श्री उमेश पौडेल, सीईओ, हाम्रो चित्रवन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चितवन

छ) सहकारी सञ्चारकर्मी- श्री माधव कुमार खड्का, प्रधान सम्पादक, नेपाल पत्र न्यूज

**चालू आ.व.मा पनि सम्मान तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईने छ ।**

### १२. "उत्कृष्ट सहकारी संघ" पुरस्कारद्वारा सम्मानित

राष्ट्रिय सहकारी बैंकले हरेक वर्ष आफ्नो सदस्य संघहरुलाई प्रदान गर्दै आईरहेको "उत्कृष्ट सहकारी संघ" विधामा आ.व. २०७९/०८० को लागि यस संघलाई छनोट गरि राष्ट्रियस्तरको सम्मानबाट सम्मानित गरेको छ। स्थापनाको पाँचौं वर्षमा प्रवेश गर्दै गर्दा प्राप्त गरेको यस किसिमको सम्मानबाट संघले थप जिम्मेवारी बोध गरि आगामी दिनको मार्ग तय गर्ने दायित्व थपिएको छ।

### १३. सिक्किम राज्य सहकारी संघसँग सम्बन्ध कायम

छिमेकी राष्ट्र भारतको सिक्किम राज्य सहकारी संघका अध्यक्ष श्री टासी ओङ्डुप लेप्चा गत बैशाख १४ गते संघको कार्यालयमा आएर संघका अध्यक्षसँग भेटि आपसी हितको विषयमा छलफल गरि दुईवटा संघहरुको बिचमा सहकारी क्षेत्रको प्रवर्द्धनका लागि गर्न सकिने सम्भावित कार्यहरुको विषयमा अध्ययन गर्ने सहमती गरिएको थियो ।

श्रद्धेय अध्यक्षज्यू लगायत उपस्थित महानुभावहरु,

अब म संघको आगामी योजना तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ,

१. सदस्यता वृद्धि : यस आ.व.मा ६०० सहकारी संघ/संस्थाहरुलाई सदस्यता प्रदान गर्ने लक्ष्य लिइएको छ।

२. शिक्षा तथा तालिम : संघबाट आफ्ना सदस्य संघ संस्थाहरुको विकास र प्रवर्द्धनका लागि माग र आवश्यकताको आधारमा कम्तिमा ५ वटा तालिम कार्यक्रम संचालन गरिने छ।

३. समन्वय र सहकार्य : सहकारी अभियानलाई सशक्त र सुदृढ बनाउनका लागि संघ सबै सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गदै अगाडी बढ्ने छ। सहकारी क्षेत्रको नेतृत्वदायी संघ राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक लिमिटेडका अतिरिक्त प्रदेशको विभागीय मन्त्रालय, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, प्रदेश सहकारी विकास बोर्ड, प्रदेश सहकारी

तालिम केन्द्र र स्थानीय पालिकाहरुसँग समन्वय र सहकार्य गरिनेछ। साथै अन्य केन्द्रीय संघहरु र प्रदेश विषयगत संघहरुसँग पनि आवश्यक सहकार्य गरिने छ। जिल्लास्तरका संघहरु र प्रारम्भिक संस्थाहरुसँग विशेष सहकार्य र समन्वय गरेर कार्यक्रम सञ्चालन गरिने छ।

४. साझेदारी कार्यक्रम : संघले बागमती प्रदेश सरकार, विभागीय मन्त्रालय, प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन समिति, प्रदेश सहकारी विकास बोर्ड, प्रदेश सहकारी रजिष्टार कार्यालय र प्रदेश सहकारी तालिम केन्द्रसँग साझेदारीमा सहकारी सम्बन्धी बहस, पैरवी, तालिम, अन्तरक्रिया, गोष्ठी र सेमिनार कार्यक्रमहरु सञ्चालन गर्नेछ। चालू आ.व. मा पालिकाहरुसँगको कार्यक्रमलाई महत्व दिई "स्थानिय सरकारसँग बागमती प्रदेश सहकारी संघ" भन्ने नाराका साथ प्रदेश भित्रका करिव ४० वटा पालिकाहरुमा साझेदारी कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ, जसका लागि आवश्यक कार्य अगाडी बढाई सकिएको छ।

५. संघ/संस्था प्रवर्द्धन : बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र अन्य निकायहरुकसँग सम्बन्ध विकास गरी समग्र सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि कार्य सञ्चालन गरिने छ। साथै प्रदेश सहकारी ऐन, नियमावली, मापदण्ड, कार्यविधिहरु लगायतका नीतिहरु समय सापेक्ष सुधार एवम् परिमार्जनका लागि पहलकदमी गरिने छ।

६. संघ/संस्था अनुगमन : संघले सहकारी ऐनमा समेत व्यवस्था भएको सरकार र संघहरु मिलेर आफ्ना छाता भित्र रहेका संघ/संस्थाहरुको नियमित रुपमा अनुगमन गरी आवश्यक राय सुझाव प्रदान गर्नेछ। त्यसैगरी बागमती प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयसँगको साझेदारीमा छनौटमा परेका सहकारी संघ/संस्थाहरुको निरीक्षण तथा अनुगमनका लागि समन्वय गरिने छ।

७. स्थापना दिवस : संघको प्रत्येक वर्ष श्रावण १३ गते स्थापना दिवश मनाउने नीति अनुरुप अधिकतम सदस्यहरुको उपस्थितिमा हरेक वर्ष प्रदेशका छुट्टाछुट्टै जिल्लामा रचनात्मक र सामाजिक कार्यक्रम सञ्चालन गरी स्थापना दिवस मनाइने छ।

८. संघका सदस्य संघ/संस्थाहरुको कार्यदक्षतामा प्रभावकारिता बढाई प्रचलित कानुन बमोजिम सदस्यहरुको कार्य सञ्चालनमा सहजिकरण गर्नका लागि चालू आ.व. देखी स्तरीकरण कार्यक्रम सञ्चालन गरिने छ।

९. प्रदेशमा सहकारी मन्त्रालयको स्वीकृत नीति तथा कार्यक्रम अनुरुप सिङ्गो सहकारी क्षेत्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि संघले विशेष रुपमा पहलकदमी गरि प्रदेशस्तरका अन्य विषयगत संघ, जिल्लास्तरका संघ र स्थानिय सञ्जालहरुसँग हातेमालो गर्दै कार्यक्रमहरु सञ्चालन गरिने छ।

१०. चालू आ.व. मा सहकारी क्षेत्रका सफलताको कथाहरुलाई समेटेर साहित्यीक पुस्तक प्रकाशन गरिने छ। जसका लागि बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको सहयोग लिईने छ।

११. आवश्यकताका आधारमा सरोकारवालाहरु एवं संघ/संस्थाहरुको सहभागीतामा छलफल, अन्तर्क्रिया र गोष्ठी कार्यक्रमहरु सञ्चालन गरिने छ।

१२. संघको प्रभावकारी सञ्चालनका लागि सहयोग हुने किसिमका व्यवसायिक कार्यक्रमहरु प्रदेश सरकार र स्थानिय सरकारको समेत सहभागीतामा सञ्चालन गर्नका लागि सरोकारवालाहरुसँग पहल गरिने छ।

१३.	बागमती प्रदेशभित्रका सहकारीको अवस्थाको यथार्थ चित्रण र आगामी कार्यदिशा निर्धारण गर्नका लागि सरोकारवालाहरुसँगको सहकार्यमा बागमती प्रदेश सहकारी सम्मेलन आयोजना गरिने छ।

१४.	संघका प्राविधिक सहयोगीहरुसँगको साझेदारीमा प्रदेश विषयगत संघ तथा जिल्ला संघ र विषयगत जिल्ला संघहरुलाई प्रविधिको प्रयोगमा जोड दिनका लागि सफ्टवेयरको प्रयोग र वेवसाईट तयार गर्नका लागि सहजिकरण गरिनेछ।

१५.	बागमती प्रदेशभित्र रहेका सहकारीहरुको यथार्थ विवरण/तथ्यांक संकलनका लागि संघले नियामक निकाय, प्रदेशभित्र रहेका ११९ वटा पालिका र सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गर्ने छ।

१६.	बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयसँगको सहकार्यमा सहकारीका असल अभ्यासका बारेमा सफलताका कथाहरु संकलन तथा प्रकाशन गरिने छ।

१७.	छिमेकी राष्ट्र भारतको सिक्किम राज्य सहकारी संघसँग आपसी हितका लागि दुई पक्षीय समझदारी पत्रमा हस्ताक्षर गरेर सहकार्य गरिने छ।

अन्त्यमा,

यस चौथो वार्षिक साधारण सभामा उपस्थित भई कार्यक्रमको शोभा बढाईदिनु भएकोमा प्रमुख अतिथि लगायत मञ्चमा आसिन सम्पूर्ण अतिथिगण र विभिन्न जिल्लाहरुबाट पाल्नुभएका सम्पूर्ण शेयर सदस्य संघ/संस्थाका प्रतिनिधि तथा पत्रकार मित्रहरुमा हार्दिक धन्यवाद् व्यक्त गर्दै संघको उन्नती र प्रगतिमा सहभागी हुनुहुने तथा शुभेच्छा प्रकट गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हृदयदेखि आभार व्यक्त गर्न चाहन्छु। आगामी दिनहरुमा पनि यस्तै किसिमको निरन्तर सहयोग र साथको अपेक्षा राखेको छु। प्रदेश स्तरबाट अभियानको नेतृत्व गरिरहँदा केहि तिता मिठा क्षणहरुमा तपाईंहरुको साथमा रहने प्रतिबद्धता जनाउदैं कार्यक्रमको दोश्रो सत्रमा सबै प्रतिनिधिहरुको सहभागीतामा यो प्रतिवेदन उपर घनिभूत अन्तरक्रिया र छलफल गरी प्रतिवेदनमा उल्लेख भएका कार्यक्रम तथा बजेट पारित गरिदिनुहुन अनुरोध गर्दै यहाँबाट ओझेल पर्न चाहन्छु।

धन्यवाद !

जय सहकारी !

भिम प्रसाद दाहाल

महासचिव

# बागमती प्रदेश सहकारी संघ लिमिटेडको चौथो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत कार्यक्रम तथा बजेट



बागमती प्रदेश सहकारी संघ लिमिटेडको यस गरिमामय चौथो वार्षिक साधारण सभाको सभाध्यक्ष तथा संघका श्रद्धेय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र विभिन्न उप समितिमा रहनुभएका सदस्यज्यूहरु तथा विभिन्न जिल्लाबाट संघ/संस्थाहरुको प्रतिनिधित्व गर्दै आउनु भएका प्रतिनिधि मित्रहरु, यहाँहरुको व्यस्त समयका बाबजुद उपस्थित भई साधारण सभाको गरिमा बढाइदिनु भएकोमा सम्पूर्णमा न्यानो सहकारी अभिवादन सहित हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

सरकारको तीन खम्बे अर्थनीतिभित्र रहेको सहकारीको माध्यमबाट निम्न वर्गका मानिसहरुको आर्थिक अवस्थामा सुधार ल्याई अर्थतन्त्रमा सन्तुलन ल्याउनका लागि गर्नुपर्ने कार्यहरु प्रशस्तै छन् । समुदायमा आधारित भएर सामुहिक हित र सकारात्मक परिवर्तनका लागि सहकारीका क्रियाकलापहरु सञ्चालन हुन पर्दछ । अर्थतन्त्रमा कहिले उकालो त कहिले ओरालो परिस्थिति आउने जाने गर्दछ नै, तर जस्तो सुकै परिस्थिति आउँदा पनि नियमभित्र रहेर सञ्चालनमा रहेका सहकारीहरुमा केहि फरक नपर्ने कुरा विगत देखि वर्तमान सम्मको परिदृष्यले देखाई सकेको छ । नियमभित्र रहेर स्वस्थ आर्थिक तथा सामाजिक क्रियाकलापहरु सञ्चालन गर्दा सर्वपक्षीय हित हुने पाठ हामीले सिकिसकेका छौं । सहकारीलाई पूँजि निर्माण स्थलको रुपमा मात्र नलिई क्षमता विकास, आपसी सहकार्य र ज्ञान प्राप्तिको स्थलको रुपमा लिन सकेको खण्डमा मात्र सहकारी अभियान सफल हुन सक्दछ ।

सहकारी क्षेत्रलाई अनन्त कालसम्म पनि एउटा सम्झन लायक क्षेत्रको रुपमा लगिराख्नका लागि आजैदेखि गृहकार्यको थालनी गर्नुपर्ने हुन्छ । अलि बढी आर्थिक र त्यसपछि सामाजिक, साँस्कृतिक अनि अन्य क्रियाकलायहरुमा सहकारीलाई लगाउँदा उत्तम हुने देखिन्छ । मुलुकको अर्थतन्त्रको एउटा बलियो र सशक्त खम्बाको रुपमा रहेको सहकारीलाई हामीले प्रवर्द्धन गर्न सकेमा मात्र अर्थतन्त्रलाई ट्र्याकमा राख्न सकिन्छ । सदस्यहरुको बचत संकलनदेखि लगानीसम्मका हरेक चरणहरुमा सञ्चालकहरुले सामुहिक र पारस्पारिकताको आधारमा प्रचलित कानूनको अनुसरण गर्न सकेको खण्डमा सहकारीका समस्याहरु हल भएर जान्छन् । वर्तमान समयमा सहकारीहरुले अनावश्यक खर्चहरुको कटौती र कर्जा असूलीमा ध्यान पुऱ्याउनु मुख्य कार्यभित्र पर्दछ । सहकारीलाई सहकारी हुनुको आभाष गराउन सके मात्र पनि अधिकांश समस्याहरुको हल हुने भएकाले "सहकारीमा सुशासन : प्रविधि र एकिकरण" भन्ने यो वर्षको सहकारीको नारालाई आत्मसात् गर्नका लागि सम्पूर्ण महानुभावहरुलाई अनुरोध गर्न चाहन्छु ।

सहकारीहरुको असल अध्यासको अनुकरण र वित्तीय पारदर्शिताको लागि सम्पूर्ण सहकारीकर्मी मित्रहरुमा हार्दिक अपिल गर्दै अब म गत आ.व. २०८०/०८१ को यथार्थ, यस आ.व. २०८१/०८२ को संशोधित र आगामी आ.व. २०८२/०८३ को अनुमानित कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमती चाहन्छु :

क) आम्दानी

| क्र.सं. | विवरण | आ.व. २०८०।८१ यथार्थ | आ.व. २०८१।८२ को संसोधित | आ.व. २०८२।८३ अनुमानित |
|---|---|---|---|---|
| १. | प्रवेश शुल्क | ६४,०००।- | १,५०,०००।- | २,००,०००।- |
| २. | आवेदन शुल्क | ३,०००।- | ५,०००।- | ७,०००।- |
| ३. | व्यवस्थापन शुल्क | ५७,७५०।- | ७५,०००।- | १,००,०००।- |
| ४. | कर्जाबाट ब्याज | ४,९२,२९०।८४ | ९,१०,०००।- | १५,००,०००।- |
| ५. | बैंकबाट ब्याज आम्दानी | ३०,१०६। ६० | ५०,०००।- | ६०,०००।- |
| ६. | तालिम आम्दानी | ११,८३,०१०।- | १५,००,०००।- | २०,००,०००।- |
| ७. | विविध आम्दानी | १,३८,८५०।- | १,४०,०००।- | १,४५,०००।- |
| ८. | संरक्षित पूजिँ फिर्ता कोष | ३९७।२७ | १,०००।- | २,०००।- |
| ९. | आर्थिक सहयोग | २०,०००।- | ३०,०००।- | ५०,०००।- |
| | जम्मा | १९,८९,४०४।७१ | २८,६१,०००।- | ४०,६४,०००।- |

ख) खर्च

| क्र.सं. | विवरण | आ.व. २०८०।८१ यथार्थ | आ.व. २०८१।८२ को संसोधित | आ.व. २०८२।८३ अनुमानित |
|---|---|---|---|---|
| १. | साधारण सभा खर्च | ९८,१०३।९० | २,००,०००।- | २,०५,०००।- |
| २. | लेखा परीक्षण खर्च | ११,३००।- | ११,५००।- | १५,०००।- |
| ३. | स्टेसनरी खर्च | १२,८२२।- | २०,०००।- | २५,०००।- |
| ४. | कर्जा नोक्शानी व्यवस्था खर्च | ९,२१८।४२ | १,००,०००।- | १,३०,०००।- |
| ५. | कर्मचारी खर्च | ६,५१,६६६। ६७ | ९,००,०००।- | ९,५०,०००।- |
| ६. | घरभाडा खर्च | १,२०,०००।- | १,५०,०००।- | १,६०,०००।- |
| ७. | अतिथि सत्कार खर्च | १७,५६५।- | २४,०००।- | ३०,०००।- |
| ८. | नविकरण खर्च | ५,८००।- | ५,८००।- | ५,८००।- |
| ९. | ह्रासकट्टी | १,०६,४१६।- | १,२५,०००।- | १,५०,०००।- |
| १०. | टेलीफोन इन्टरनेट खर्च | १७,१४०।- | २५,५५०।- | ३०,०००।- |
| ११. | सरसफाई | २७,०००।- | ३६,०००।- | ४०,०००।- |
| १२. | कर्मचारी संचय कोष | २७,६००।- | ६६,९५०।- | ९०,०००।- |
| १३. | विजुली तथा पानी खर्च | २,३६०।- | ५,०००।- | ९,५००।- |
| १४. | मर्मत तथा सम्भार | १,१८८।३३ | ९,०००।- | ११,५००।- |
| १५. | सुरक्षा खर्च | ११,०००।- | १२,०००।- | १२,०००।- |

| | | | | |
|---|---|---|---|---|
| १६. | तालिम कार्यक्रम खर्च | ६,७१,२१०।- | ९,१०,०००।- | ११,००,०००।- |
| १७. | कार्यक्रम खर्च | १,८६,५५६।- | २,२५,५००।- | २,७५,०००।- |
| १८. | विविध खर्च | ६,२८५।- | १५,०००।- | ३०,०००।- |
| जम्मा | | १९,८३,२३१।३२ | २८,४१,३००।- | ३२,६८,८००।- |

**ग) बचत**

| क्र.सं. | विवरण | आ.व. २०८०।८१ यथार्थ | आ.व. २०८१।८२ को संसोधित | आ.व. २०८२।८३ अनुमानित |
|---|---|---|---|---|
| १. | कुल आम्दानी | १९,८९,४०४।७१ | २८,६१,०००।- | ४०,६४,०००।- |
| २. | कुल खर्च | १९,८३,२३१।३२ | २८,४१,३००।- | ३२,६८,८००।- |
| ३. | बचत | ६,१७३।३९ | १७,७००।- | ७,९५,२००।- |

**घ) सम्पति तथा दायित्व**

| क्र.सं. | विवरण | आ.व. २०८०।८१ यथार्थ | आ.व. २०८१।८२ को संसोधित | आ.व. २०८२।८३ अनुमानित |
|---|---|---|---|---|
| १. | शेयर पूँजी | ६६,१९,०००।- | १,००,००,०००।- | १,५०,,००,०००।- |
| २. | शेयर लगानी | ५,०१,०००।- | ५,०१,०००।- | ६,००,०००।- |
| ३. | स्थिर सम्पति | ४,७२,२८८।- | ५,५०,०००।- | ६,००,०००।- |
| ४. | नगद तथा बैक मौज्दात | ९,००,९७३।१३ | ७,२०,०००।- | ६,,५०,०००।- |

**ङ) कार्यक्रम बजेट**

चालू आ.व. २०८१/०८२ मा संघले निम्नअनुसारको कार्यक्रमका लागि बजेट विनियोजन गरेको छ :

| क्र.स. | कार्यक्रम | स्थान | अनुमानित बजेट | लक्ष्य | लक्षित समुह |
|---|---|---|---|---|---|
| १. | तालिम कार्यक्रम (आन्तरिक श्रोत) | ललितपुर, भक्तपुर | १,००,०००।- | २ | सञ्चालक/कर्मचारी |
| २. | नियामकसँग साझेदारी तालिम | ललितपुर, काठमाडौं | ६,००,०००।- | २ | सञ्चालक/कर्मचारी |
| ३. | स्थानिय सरकारसँग बागमती प्रदेश सहकारी संघ कार्यक्रम (पालिकाहरुसँगको साझेदारीमा) | १३ वटा जिल्लाबाट छनोटमा परेका पालिकाहरुमा) | १०,००,०००।- | १० | पालिका कार्यक्षेत्र भएका संस्थाका संचालक/कर्मचारी |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | सहकारीको क्षमता विकास र स्तरीकरणमा प्रादेशीक छाता संघहरुको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम (बागमती प्रोस्कूनसँगको साझेदारीमा) | काठमाण्डौ | १,५०,०००।- | १ | प्रदेश र जिल्लागत सम्पूर्ण |
| ५. | सदस्य संघ/संस्था अनुगमन कार्यक्रम (आन्तरिक श्रोत) | १३ वटा जिल्लाबाट छनोटमा परेका सदस्य संघ/संस्थाहरुमा | १,५०,०००।- | १ | सदस्य संघ/संस्था |
| ६. | सहकारी संघ/संस्था निरीक्षण तथा अनुगमन (नियामकसँगको साझेदारीमा) | १३ वटा जिल्लाबाट छनोटमा परेका संघ/संस्थाहरुमा | ५,००,०००।- | १ | प्रदेश नियमनभित्र रहेका संघ/संस्था |
| ७. | नियामकसँगको साझेदारी कार्यक्रम | १३ वटा जिल्लाबाट छनोटमा परेका स्थानहरुमा | ६,००,०००।- | ३ | प्रदेश र जिल्लागत सम्पूर्ण |
| ८. | प्रदेश सहकारी सम्मेलन (नियामकसँगको सहकार्यमा) | भक्तपुर | २०,००,०००।- | १ | प्रदेश र जिल्लागत संघ/संस्था र पालिकाका कर्मचारीहरु |
| ९. | सम्मान तथा पुरस्कार (आन्तरिक) | ललितपुर | १०,०००।- | १ | प्रदेश र जिल्लागत सम्पूर्ण |
| १०. | विषयगत संघहरुको क्षमता विकास र नीतिगत पैरवीका लागि विशेष कार्यक्रम (संघहरुको साझेदारीमा) | ललितपुर, चितवन, काठमाडौं | १,५०,०००।- | ३ | प्रदेश र जिल्लागत सम्पूर्ण |
| ११. | सामाजिक उद्यमी महिला सहकारीको प्रवर्द्धन तथा नीतिगत पैरवी सम्बन्धी कार्यक्रम (विभिन्न संघ/संस्थासँगको सहकार्यमा) | मकवानपुर, काठमाडौं, नुवाकोट, चितवन, धादिङ | ५,००,०००।- | ५ | सरोकारवाला निकायका पदाधिकारी र संस्थाका सञ्चालक/कर्मचारी |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | प्रदेश र जिल्लास्तरीय सहकारी संघका अध्यक्ष, ले.सु.समिति तथा व्यवस्थापकमध्ये कुनै एक गोष्ठी (संघहरुसँगको साझेदारीमा) | १३ वटा जिल्लाबाट छनोटमा परेका स्थानहरुमा | १,००,००० | १ | सहकारी संघका अध्यक्ष, ले.सु.समिति र व्यवस्थापक |
| १३. | अभिमुखीकरण कार्यशाला (आन्तरिक श्रोत) | काठमाडौं | ५०,००० | १ | संघको सञ्चालक र ले.सु.समिति |
| १४. | रणनीतिक योजना निर्माण कार्यशाला (नियामकसँगको साझेदारीमा) | भक्तपुर | ३,००,००० | १ | संघको सञ्चालक, ले.सु.समिति र कर्मचारी |
| १५. | स्तरीकरण कार्यक्रम (आन्तरिक श्रोत) | छनौटमा परेका संघ/संस्थाहरुमा | १,००,००० | ५ | संघका सदस्य संघ/संस्थाहरु |
| १६. | स्थापना दिवश कार्यक्रम (आन्तरिक श्रोत) | भक्तपुर | २०,०००।- | १ | सम्पूर्ण सहकारीकर्मीहरु |
| १७. | वार्षिक साधारणसभा (आन्तरिक श्रोत) | ललितपुर | २,००,०००।- | १ | संघका सदस्य संघ/संस्थाहरु |
| जम्मा | | | ६५,३०,०००।- | ४० | |
| आन्तरीक श्रोतबाट | | | १८,३०,०००।- | | |
| बाह्य श्रोतबाट | | | ४७,००,०००।- | | |

अन्त्यमा,

चौथो वार्षिक साधारण सभालाई व्यवस्थित रुपमा सभ्य र भव्यताका साथ सम्पन्न गर्नका लागि आफ्नो महत्वपूर्ण समय प्रदान गरेर पाल्नुभएका प्रमुख अतिथि, विशेष अतिथिहरु, अतिथिगण, संघका सदस्य संघ/संस्थाका प्रतिनिधिज्यूहरु, कर्मचारीवर्ग एवम् प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने महानुभावहरुमा हार्दिक धनयवाद् ज्ञापन गर्न चाहन्छु। त्यसैगरि संघको वार्षिक लेखापरीक्षण गर्ने क्रममा लेखापरीक्षकबाट प्रस्तुत आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन, लेखा सुपरीवेक्षण समितिले पेश गरेको वार्षिक प्रतिवेदन माथि छलफल गरि अनुमोदन गरिदिनुहुनका लागि हार्दिक अनुरोध गर्दै आजको यस सभालाई सफल बनाउन यहाँको तर्फबाट भएको महत्वपूर्ण योगदानको उच्च कदर गर्दै आगामी दिनहरुमा पनि यस्तै साथ र सहयोगको अपेक्षा सहित यहाँबाट विदा हुन चाहन्छु।

धन्यवाद !

जय सहकारी !

टिकाराम भट्टराई
कोषाध्यक्ष

# बागमती प्रदेश सहकारी संघ लिमिटेडको चौथो वार्षिक साधारण सभामा लेखा सुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन



बागमती प्रदेश सहकारी संघ लिमिटेडको चौथो वार्षिक साधारण सभाको आध्यक्षता गरिरहनुभएका संघका श्रद्धेय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिका सहकर्मी मित्रहरु, विभिन्न उप समितिका सदस्यज्यूहरु, व्यवस्थापक र कर्मचारी तथा विभिन्न जिल्लाबाट संघ/संस्थाहरुको प्रतिनिधित्व गर्दै आउनु भएका प्रतिनिधि मित्रहरुमा सर्वप्रथम व्यस्त समयका बाबजुद कार्यक्रममा उपस्थित भई साधारण सभाको गरिमा बढाइदिनु भएकोमा सम्पूर्णमा हृदय देखि आभार व्यक्त गर्न चाहन्छु।

सहकारी संघ/संस्थाहरु स्वायत्त र स्वनियमनकारी निकायको रुपमा संचालनमा आईरहेका छन् । यसो भनिरहँदा यी संस्थाहरु दर्ता गर्ने सरकारी निकाय र राज्यका अरु निकायबाट उन्मुक्त छन् भन्ने बुझाईमा हामी पुग्नु हुँदैन । सहकारी संघ/संस्थाहरु ऐन नियमको परिधी भित्र रहेर आफ्नो विनियम, कार्यविधि वा नीति आफैं तर्जुमा गर्न सक्छन् । आफ्ना सदस्यहरु बिच नियमित बचत, ऋण लगानी वा आफैं व्यवसायमा संलग्न रहन सक्छन् । लाभ र हानीमा सहभागी हुन्छन् । सदस्य हितलाई केन्द्र भागमा राखेर तीनको प्रवर्द्धन, सम्बर्द्धन वा सरकारी निकाय र अन्य सरोकारवाला निकायसँग पैरवी गर्न पनि लागि रहेका हुन्छन् । समुदायमा रहेका अन्य संघ/संस्था भन्दा सहकारीले बेग्लै पहिचान सहित समुदाय केन्द्रीत भएर कार्य सञ्चालन गरिरहेको हुन्छ। सामाजिक उत्तरदायित्वको समेत ख्याल गरेर सहकारीले समाजमा अनुकरणीय छाप छोड्न सक्छ।

संस्था संचालनका लागि विनियमले गरेको व्यवस्था बमोजिम साधारण सभा, आवधिक निर्वाचनका माध्यमबाट संचालक समिति र लेखा सुपरीवेक्षण समितिको गठन, सञ्चालक समिति मार्फत् आवधिक तथा वार्षिक कार्य योजना निर्माण, श्रोतको व्यवस्था र परिचालन सदस्यहरुको आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय विषय समेतको विकास लगायतका लक्ष्य राखेका हुन्छन् । यी सबै कार्यक्रम आफ्ना वार्षिक साधारणसभाबाट पारित भएपछि संचालक समिति मार्फत् कार्यान्वयनमा जाने गर्दछ । स्वनियमनको सिद्धान्त बमोजिम संचालक समितिको गठनसँगै साधारणसभा मार्फत् आन्तरिक नियन्त्रण, आन्तरिक लेखा परीक्षण र योजना कार्यान्वयनको अवस्थालाई निगरानी गर्नको लागि एउटा लेखा सुपरीवेक्षण समितिको पनि गठन गरिएको हुन्छ।

जहाँ लेखा सुपरीवेक्षण समिति सक्रिय छ, समितिको उद्धेश्य बमोजिम काम गर्न सक्ने सदस्यहरु निर्वाचित भएका छन् र तिनीहरुले आफ्नो नियमित कार्य सम्पादन गरेका छन्, त्यस्ता संघ/संस्थाहरुमा समस्या पनि कमी नै आएका छन् ।आज केही सहकारी संस्थामा जुन किसिमको समस्या देखिएका छन्, ती संघ/संस्थाहरुमा कि त लेखा सुपरीवेक्षण समितिले आफ्नो काम नै गरेका छैनन् कि त्यो संचालक समितिले औपचारिकताका निम्ति मात्रै आफ्नो छायाँ समिति निर्माण गरेर माईन्यूटमा मात्र सीमित गरेका छन् । हामीले स्वायत्तता र स्वनियमनको कुरा गरिरहँदा सरोकारवाला निकायहरुले यी क्षेत्रमा हस्तक्षेप गरेर सही ढंगले संघ/संस्था सञ्चालनमा रहे नरहेको, अनियमितता गरेको पाईएमा तत्काल सुधारको लागि

निर्देशन गर्ने र सुधार हुनै नसक्ने अवस्था सृजना भएको रहेछ भने कानुनी कारबाही प्रकृयालाई अगाडी बढाउन रोकेको मान्न नहुने कुरालाई हरदम ख्याल राख्न जरुरी छ।

सहकारी हाम्रो संविधानले परिकल्पना गरेको समाजवादी अर्थ व्यवस्था निर्माण गर्ने मूल आधार हो । हाम्रो जस्तो न्यून आय भएका ठूलो जनसंख्या र सीप तथा क्षमता पनि कमजोर भएको समाजका लागि सहकारी कोशेढुङ्गा नै हो। बोराभित्र कुहिएको एउटा आलुले बोराभित्रको सबै आलुलाई बिगार्न सक्छ र एउटा सानो आगोको झिल्कोले पुरै जंगल नष्ट गर्न सक्छ भने झैं एक दुईवटा गलत काम गर्ने सहकारी संस्थाहरुले सिंगो सहकारी अभियानलाई नै बदनाम गराउन सक्ने हुँदा संस्थाको समग्र पक्षमा निगरानी राखीरहनु जरुरी छ। यो कार्यको लागि पहिलो र महत्वपूर्ण निकाय नै लेखा सुपरीवेक्षण समिति हो, त्यस कारण यो समितिको भूमिकालाई प्रभावकारी बनाउनु हामी सबैको दायित्व पनि हो।

यो संघ मूलतः बचत ऋणको कारोबारबाट हालसम्म अलग छ। यसले तत्काल त्यस्तो कुनै योजना पनि नबनाएको जानकारी गराउन चाहन्छु। सदस्य सहकारी संघ/संस्थाहलाई विक्री गरिएका शेयर पूँजिमा मात्र सीमित रहेर पनि त्यो पूँजिको उचित परिचालन, सहकोगी संघ/संस्थाहरुबाट प्राप्त हुने सहयोग, लागत साझेदारीका कार्यक्रम, सरकारी निकायसँगको समन्वय र आफ्नो स्वयंसेवकीय कार्यबाट संघलाई क्रियाशील बनाउन सफल भएको देखिन्छ। यसमा लेखा सुपरीवेक्षण समितिलाई पनि साथमा लिने, निर्णय प्रकृयामा समेत सँगै राख्ने र भएका कार्यहरुको छुट्टै मूल्यांकन गराउने, वित्तीय कारोबारको नियमित परीक्षण गराउने, योजना अनुरुप कार्य भए नभएको विषयमा अनुगमन गर्न प्रेरित गर्ने र समितिले दिएका सुझावलाई गम्भीरता पूर्वक लिई कार्यान्वयन गर्ने कार्य गरिराखेको छ। यसै सन्दर्भमा बागमती प्रदेश सहकारी संघ लिमिटेडले आफ्नो तेश्रो वार्षिक साधारण सभादेखि चौथो वार्षिक साधारण सभा सम्म आईपुग्दा हामीले समितिको तर्फबाट तयार गरेको संघको समग्र समीक्षा, गरिएका काम, सकारात्मक पक्ष र भावी दिनका लागि दिईएको सुझाव सहितको प्रतिवेदनलाई म बुँदागत रुपमा प्रस्तुत गर्न अनुमती चाहन्छु :

१. अघिल्लो साधारण सभाको निर्णयको कार्यान्वयनको अवस्था : संघले सीमित श्रोत र साधनको बाबजुद तेश्रो वार्षिक साधारण सभाले पारित गरेका कार्यक्रम र निर्णयहरुलाई सञ्चालक समितिले उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याएको पाइएको छ।

२. आ.व. २०८०।०८१ मा बसेको बैठक संख्या र निर्णयहरुको कार्यान्वयनको अवस्था : यस आ.व. मा सञ्चालक समितिको बैठक आवश्यकता अनुसार भौतिक उपस्थितिमा १२ पटक र भर्चुअल माध्यमबाट १ पटक समेत गरेर जम्मा १३ पटक बसेको छ। सञ्चालक समितिको बैठकले पारित गरेका अधिकांश निर्णयहरु कार्यान्यनमा आएको पाइएको छ।

३. सदस्यता वृद्धि : संघमा आ.व. २०८०/०८१ सम्ममा सदस्य संख्या ३११ वटा र आजको मिति सम्म ४५० वटा पुगेको छ। संघमा सदस्यताका लागि योग्य सहकारी संघ/संस्था अधिक मात्रामा रहेको भए तापनि हालसम्म न्यून मात्रामा सदस्य संख्या आबद्ध भएको हुँदा त्यसतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

४. तालिम तथा गोष्ठीहरु : संघले सीमित साधन र श्रोतको बाबजुद गत आ.व.मा ४ वटा तालिम कार्यक्रम तथा १ वटा गोष्ठी सफलतापूर्वक सम्पन्न गरेको र सदस्यहरुको माग र आवश्यकता बमोजिमको विषयवस्तु समेटेर कार्यक्रम गरेको पाईयो।

५. सहकारी सम्बन्धी कानुनहरुको पालनाको अवस्था : संघले प्रचलित सहकारी ऐन, नियमावली र निर्देशनहरुको पालना गरेको पाईयो।

६. संचालक समिति र लेखा सुपरीवेक्षण समितिको पारीश्रमिक, बैठक भत्ता र अन्य सुविधाहरुको अवस्था : संघका सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका कुनै पनि पदाधिकारी तथा सदस्यहरुले पारीश्रमिक, बैठक भत्ता र अन्य कुनै पनि सुविधा लिएको देखिएन ।

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था : संघको कर्मचारी प्रशासन विनियमावली २०७८ बमोजिम कर्मचारीहरुको व्यवस्थापन गरेको पाईयो । सीमित श्रोत र साधनको बाबजुद संघको क्षमता अनुसारको तलब तथा सुविधा कर्मचारीहरुलाई उपलब्ध गराएको पाईयो । हाल संघमा १ जना व्यवस्थापक र १ जना सहायक सहित जम्मा २ जना कर्मचारी करारमा नियुक्त गरि कार्यसञ्चालन गरिरहेको पाईयो ।

८. सहकारी अभियान, बहसपैरवी र अनुगमनको अवस्था :

क) संघले सहकारी अभियानमा प्रदेशको छाता संघको रुपमा नेतृत्वदायी भूमिका निर्वाह गरि सदस्य संघ/संस्थाहरुको हितको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको पाईयो ।

ख) संघीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, संघीय सहकारी विभाग, बागमती प्रदेश सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश सहकारी महाशाखा, बागमती प्रदेश सहकारी विकास बोर्ड लगायत सरोकारवाला निकाय र व्यक्तिहरु समक्ष सहकारी क्षेत्रको वर्तमान समस्या समाधानका लागि विभिन्न चरणमा बहस पैरवी गरेको पाईयो ।

ग) बागमती प्रदेश सरकारका मुख्यमन्त्री तथा उप सभामुखसँग भेटेर सहकारी क्षेत्रको समस्या समाधानका लागि गर्नुपर्ने तत्कालिन र दिर्घकालिन कार्यहरुको बारेमा संघको तर्फबाट ध्यानाकर्षण गराएको पाईयो ।

९ समन्वय तथा सुझाव : संघले बेला बेलामा प्रदेशभित्रका जिल्ला सहकारी संघहरु तथा प्रारम्भिक संस्थाहरुको अनुगमन, टेलीफोन तथा सामाजिक सञ्जाल मार्फत् सम्पर्क, व्यक्तिगत भेटघाट तथा विभिन्न कार्यक्रम मार्फत् समन्वय गर्ने तथा सुझावहरु प्रदान गर्ने गरेको पाईयो ।

१०. शेयर पुँजी : संघको स्थापनादेखी चौथो वार्षिक साधारणसभासम्म आईपुग्दा शेयर पुँजी रु. ६६,१९,००० पाईयो साथै आ.व. २०८०/०८१ को वासलात रु.६९,५३,९५८।९० रहेको पाईयो ।

११. संघले सम्पूर्ण कारोबार बैंक मार्फत् गर्नुको साथै आम्दानी तथा खर्च विवरण प्रचलित ऐन, नियम बमोजिम व्यवस्थित रुपमा प्रचलित लेखामानको आधारमा प्रविष्टि गर्ने गरेको पाईयो ।

१२. कार्यालय व्यवस्थापन : संघको कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका-१५, महालक्ष्मीस्थान स्थित जिल्ला सहकारी संघ लिमिटेड ललितपुरको भवनबाट सञ्चालन गरिएको छ ।

श्रद्धेय अध्यक्ष्यज्यू लगायत उपस्थित महानुभावहरु,

अब म लेखा सुपरीवेक्षण समितिको तर्फबाट केहि सुझावहरु प्रस्तुत गर्न चाहन्छु :

१. संघको मूल कार्यको रुपमा सदस्यता विस्तारलाई उल्लेख गर्नुपर्ने देखिन्छ । यसका लागि गत वर्ष संघको प्रत्येक जिल्लामा संचालित सदस्यता जागरण कार्यक्रमलाई निरन्तरता दिंदै विगतमा स्थापित भएको सम्बन्धको अधिकतम उपयोग गर्नुपर्ने देखिन्छ ।

२.	बागमती प्रदेश सहकारी संघ र प्रदेश विषयगत सहकारी संघहरुको समन्वयमा कार्यक्रमहरु गर्नु समयको बचत र आर्थिक रुपले उचित देखिन्छ, ।

३.	बागमती प्रदेश सरकार, प्रदेश सहकारी रजिष्ट्रार कार्यालय, बागमती प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन कार्यालय र प्रदेश सहकारी विकास बोर्डको कार्यक्रमहरु कार्यान्वयन गर्ने सहयोगी निकायको रुपमा संघलाई स्थापित गराउन तत्काल पहल गर्नुपर्ने देखिन्छ।

४.	बागमती प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा प्रदेश सहकारी ऐनको व्यवस्था बमोजिम संघको तर्फबाट प्रतिनिधित्व गरि प्रभावकारी रुपमा कार्य सञ्चालन गर्नुपर्ने देखिन्छ।

५.	बागमती प्रदेश भित्रका ११९ वटा स्थानिय तहका सरकारसँग समन्व गरि सहकारीको विकास र प्रवर्द्धनका लागि ठोस कदम चाल्नु उपयुक्त हुन्छ।

६.	स्थानिय पालिकाहरुसँग सम्पर्क स्थापित गरि सहकारीको वास्तविक तथ्यांक संकलनका लागि समन्वय गर्नु आवश्यक देखिन्छ।

७.	प्रदेशस्तरीय सहकारी अभियानको मूल नेतृत्वको रुपमा रहेको यस संघले प्रभावकारी रुपमा आफ्नो उपस्थिति देखाई सहकारीको वर्तमान अवस्थाबाट सहज अवतरणका लागि आवश्यक कार्य गर्नुपर्ने देखिन्छ।

८.	बागमती प्रदेश सँस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयसँग प्रदेशको छाता संघको रुपमा सहकारी क्षेत्रको लागि आवश्यक बजेट तथा कार्यक्रमहरु माग गरि प्रभावकारी रुपमा कार्य सञ्चालन गर्नु उपयुक्त देखिन्छ।

९.	संघमा आबद्ध र आबद्ध हुन बाँकी सम्पूर्ण सहकारीहरुलाई संघको कार्यक्रमहरुमा सहभागिताको अवसर प्रदान गर्नु उचित हुने देखिन्छ।।

१०.	संघको आर्थिक व्यय भारलाई मध्यनजर गर्दै सहकारीसँग सरोकार राख्ने प्रायोजकहरुको खोजी गरि विनियोजित कार्यक्रमहरुलाई सञ्चालन गर्नुपर्ने देखिन्छ।

११.	राज्यको शासकीय स्वरुप बमोजिम स्थानिय तहहरुमा सहकारी सञ्जाल वा पालिका संघको निर्माणका लागि स्थानिय सरकार, सहकारीकर्मी र सरोकारवाला व्यक्तिहरुको सहयोगमा कार्यक्रम सञ्चालन गर्ने।

१२.	प्रदेशस्तरका कार्यक्रमहरुलाई अधिकतम मात्रामा सञ्चालन गरि प्रादेशिक सहकारी अभियानलाई जिवन्त राख्नु अपरिहार्य देखिन्छ।

१३.	सहकारी क्षेत्रको बाक्लो उपस्थिति रहेको यस प्रदेशभित्र सहकारीका समस्याको पनि अधिकता रहेको हुँदा त्यस्ता समस्या समाधानका लागि आवश्यक योजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

१४.	प्रदेशका सम्पूर्ण जिल्लाभित्र रहेका सहकारीहरुलाई पायक पर्ने गरि प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय काठमाडौं उपत्यका भित्र राख्नका लागि संघको तर्फबाट ठोस पहल गर्नुपर्ने देखिन्छ।

१५.	सदस्य सहकारी संघ/संस्थाहरुको क्षमता अभिवृद्धि र जोखिम न्यूनिकरणका लागि सुलभ मूल्य सहितको प्याकेजमा स्तरीकरण कार्यक्रम सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्नु उपयुक्त हुने देखिन्छ।

१६. संघको नियमित कार्यहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सम्पादन गर्नका लागि पर्याप्त पूँजिको आवश्यकता पर्ने भएकाले गर्दा शेयर पूँजि वृद्धि तर्फ विशेष योजना बनाउने तर्फ अग्रसर हुनुपर्ने देखिन्छ ।

अन्त्यमा ,

यस संघको पहिलो कार्यकाल यस साधारण सभासँगै समाप्त हुँदै छ । यस बिचमा हामीले हाम्रो जिम्मेवारी के कति पुरा गर्न सक्यौं भन्ने कुराको मूल्यांकनको जिम्मा यहाँहरुलाई सुम्पन चाहन्छु । संघमा रहेर कार्य गर्ने अवसर प्रदान गर्नुभएकोमा यहाँहरुलाई धन्यवाद् व्यक्त गर्दै सम्पूर्ण प्रतिनिधिज्यूहरुलाई यस साधारणसभाबाट जुझारु, क्षमतावान् र दक्ष सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समिति चयन गर्न सफलता मिलोस् भन्ने सुभेच्छा प्रकट गर्दछौं । संघको चौथो वार्षिक साधारण सभालाई सफल बनाउनका लागि व्यस्त समयका बाबजुद पाल्नुभएका प्रमुख अतिथिज्यू, विशेष अतिथि तथा अतिथि गण र १३ वटै जिल्लाबाट आ-आफ्नो संघ/संस्थाको प्रतिनिधित्व गरि पाल्नुभएका सम्पूर्ण प्रतिनिधि मित्रहरुप्रति विशेष आभार प्रकट गर्दछु । लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट संघको निरीक्षण तथा अनुगमन कार्यमा सहयोग पुऱ्याउनु हुने सञ्चालक समिति, उप समिति र व्यवस्थापनका सम्पूर्ण जिम्मेवार व्यक्तित्वहरुमा धन्यवाद् ज्ञापन गर्दै लेखा तथा सुपरीवेक्षण समितिको तर्फबाट यस सम्मानित सभामा प्रस्तुत प्रतिवेदन छलफल गरि अनुमोदनका लागि हार्दिक अनुरोध गर्दछौ ।

धन्यवाद !

जय सहकारी !

संयोजक - नेत्रराज पौडेल

सदस्य - लक्ष्मी गिरी

सदस्य - कूलप्रसाद देवकोटा

# कुमार श्रेष्ठ एण्ड एसोसियट्स, रजिष्टर्ड अडिटर

संस्था दर्ता नं. :४८८५, प्र.प्र.नं.: ७५७ ख
स्था.ले.नं. : ३००९९३३४३, सम्पर्क नं : ९८४१८७९७४३


मिति : २०८१/०४/२५

**श्री बागमती प्रदेश सहकारी संघ लिमिटेड**
**ललितपुर महानगरपालिका वडा नं.१५, ललितपुर, नेपाल**
**शेयर सदस्य महानुभावहरु समक्ष प्रस्तुत**
**"स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन"।**

आदरणीय शेयर सदस्य महानुभावहरु,

**१. लेखापरिक्षकको राय**

हामीले श्री बागमती प्रदेश सहकारी संघ लिमिटेड, ललितपुर महानगरपालिका वडा नं.१५, ललितपुर स्थायी लेखा नं. ६१६०२६१४८ को यसै साथ संलग्न २०८१ साल आषाढ ३१ गतेको वित्तिय स्थिति विवरण पत्र तथा सोही मितिमा समाप्त आर्थिक वर्षको कार्य संचालन विवरण नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरणको, स्वामित्व कोषमा भएको परिवर्तनको विवरण तथा प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरु सम्मिलित वित्तिय विवरणहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हामीले लेखापरिक्षण गर्दा लेखाका सर्वमान्य सिद्धान्त, नेपाल लेखामान र सहकारी विभागले जारी गरेको निर्देशनहरुको आधारमा सम्पन्न गरेका छौं। वित्तिय विवरणहरुमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याइ गर्न प्रमाणको छड्के परिक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ। सहकारी संघले अवलम्वन गरेको लेखा सिद्धान्त, ब्यावस्थापनले गरेको महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ। लेखापरीक्षणले हाम्रो मन्तब्यलाई प्रर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

हाम्रो कैफियत सहितको रायको आधार खण्डमा ब्याख्या गएिका कुराहरुले पार्ने असर बाहेक संलग्न वित्तिय विवरणले नेपाल लेखामान तथा प्रचलित लेखापरीक्षण सिद्धान्त र सम्बन्धित ऐन अनुसार २०८१ साल आषाढ ३१ गतेको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरणको, स्वामित्व कोषमा भएको परिवर्तनको विवरण तथा अनुसुचीहरुले सारभुत रुपमा यथार्थ चित्रण गर्दछ।

**२. कैफियत सहितको रायका आधार**

क. प्रमुख लेखा नीति तथा अनुसुची ९ मा देखाइएको ब्याज प्राप्ति रकमलाई आर्जित ब्याज प्रोद्भावी आधारमा लेखाङ्कन गर्नु पर्नेमा नगद प्राप्तिका आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ जुन प्रचलित नेपाल लेखामान बमोजिम छैन।

ख. संघमा ऋणको पर्याप्त कर्जा जोखिम कोषको ब्यवस्था गर्नु पर्नेमा रु.५०,२१८।४२ मात्र ब्यवस्था गरीएको छ जुन अप्रयाप्त छ।

ग. संघमा कार्यरत कर्मचारीको श्रम ऐन २०७४ बमोजिम संचित विदा बापतको ब्यवस्था र औषधोपचार र वीमा खर्चको ब्यवस्था गरिएको छैन।

**३. वित्तिय विवरण उपर ब्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व**

नेपाल लेखामान, सम्बनिधत ऐन र अन्य नियम कानुन अभ्यास अनुरुप वित्तिय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतिकरण गर्ने र जालसाजी वा त्रुटीका कारणले वित्तिय विवरणहरु सारभुत रुपमा गलत आँकडा सहित हुन नदिन आवश्यक पर्ने ब्यवस्थापनले आवश्यक ठानेका त्यस्ता आन्तरिक नियन्त्रण प्रणालीहरुको जिम्मेवारी संघ ब्यवस्थापनमा रहेको छ।

Kumar Shrestha & Associates
Firm Reg. No. 4885
Registered Auditor 0757


Tel.: +977 9841879743 | Email: namasairam@gmail.com

वित्तिय विवरणहरु तयार गर्दा संघको अनवरत संचालनमा मान्यतामा आधारित संचालन हुन सक्ने क्षमताको निर्धारण गर्ने र सो सम्बन्धमा वित्तिय विवरणहरुमा यथोचित खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस जिम्मेवारी अन्तरगत संघलाई खारेजीमा लैजाने अन्य तरिकाले संघ संचालन बन्द गर्ने वा संघ संचालन बन्द गर्ने यथार्थवादी विकल्प नरहेको अवस्थामा बाहेक वित्तिय विवरणहरु अनवरत निरन्तर संचालन मान्यतामा आधारित लेखा प्रणली अवलम्वन गरी तयार गर्नु समेत पर्दछ । शासकिय भुमिका वहन गर्नेहरुको जिम्मेवारी वित्तिय प्रतिवेदनका प्रक्रियाहरुको निरीक्षण गर्नु समेत हो ।

**४. वित्तिय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्रमा वित्तिय विवरणहरु जालसाजी वा त्रुटिका कारणले गलत आँकडासहित प्रस्तुत भएका छैनन् भन्ने कुरामा मनासिव आवश्यकता प्राप्त गर्नु र लेखापरीक्षणको आधारमा हाम्रो राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु रहेको छ । मनासिव आवश्यकता उच्च तहको आश्वासन हो, तर नेपाल लेखापरिक्षणमान अनुसारको लेखापरिक्षणले सारभूतरुपमा गलत वर्णन भएको अवस्था सधैं पत्ता लगाउँछ भन्ने प्रत्याभुति होइन । गलत वर्णन एकल वा समष्टिमा जालसाजी वा त्रुटिबाट हुन सक्छ र यी वित्तिय विवरणहरुको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र सो गलत वर्णनलाई सारभूत मानिन्छ ।

हामीले लेखापरीक्षणमान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक र ब्यावसायिक सन्देह कायम गरेका छौं । यस क्रममा हामीले,

क. जालसाजी वा त्रुटीका कारणले वित्तिय विवरणहरु सारभूत रुपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकुलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक प्रर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौं । जालसाजीमा मिलीभगत, जालसाजी जानीजानी भूल गर्ने काम, गलत प्रस्तुती वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम भन्दा बढी हुन्छ ।

ख. संघको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षणविधि अवलम्बन गर्न लेखापरीक्षणसंग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।

ग. संघको वित्तिय विवरण तयार गर्दा ब्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको उपयुक्तता र लेखा अनुमानहरुको व्यवहारिकता तथा ती सँग सम्बन्धित खुलासाहरुको मुल्याङ्कन गरेका छौं ।

घ. ब्यवस्थापनले प्रयोग गरेको अनवरत संचालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा संस्था संचालन अनवरत संचालन मान्यतामा आधारित रही संचालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा ब्यवस्थापनले वित्तिय विवरणमा सो सन्दर्भमा गरेको खुलासा तर्फ सदस्यहरुको ध्यानाकर्षण जिम्मेवारी हामीमा रहेको छ । साथै ब्यवस्थापनले गरेको खुलासा अप्रयाप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नु पर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाको कारण पनि संघको अनवरत संचालन मान्यता खण्डित हुन सक्छ ।

Kumar Shrestha & Associates
Firm Reg. No. 4885
Registered Auditor 0757

Tel.: +977 9841879743 | Email: namasairam@gmail.com

// कुमार श्रेष्ठ एण्ड एसोसियट्स, रजिष्टर्ड अडिटर
संस्था दर्ता नं. :४८८५, प्र.प्र.नं.: ७५७ ख
स्था.ले.नं. : ३००९९३३४३, सम्पर्क नं : ९८४१८७९७४३

ङ. व्यवस्थापनबाट वित्तिय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तिय विवरणको समग्र प्रस्तुतिकरण संरचना र सामाग्रीको मुल्याङ्कन गरेका छौं ।

च . लेखापरीक्षकको राय व्यक्त गर्न संघको वित्तिय जानकारी वा व्यावसायिक क्रियाकलापसंग सम्बन्धित पर्याप्त र उपयुक्त प्रमाण प्राप्त गरेका छौं ।

शासकिय भूमिका वहन गर्ने समक्ष अन्य व्यहोराको आन्तरिक लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमी कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सुचित गरेका छौं । शासकिय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासंगिक आचरणको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सुचित गरेका छौं ।

**५. अन्य कानुनी तथा नियामकिय आवश्यकतासँग सम्बन्धित प्रतिवेदन**

सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी संघ संस्थामा सुशासन प्रवर्द्धनको लागि एकिकृत निर्देशन २०७९ को पालना सम्बन्धि प्रतिवेदन तथा बागमती प्रदेशको संघ संस्था दर्ता, संचालन, लेखापरीक्षण अनुगमन नियमन सम्बन्धि मापदण्ड २०७९ को पालना सम्बन्धि प्रतिवेदन ।

क. सहकारी विभाग द्धारा जारी गरीएको सहकारी संघसंस्था सुशासन प्रवर्द्धनको लागि एकिकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिम सहकारी संस्थाहरुले असल कर्जामा १ प्रतिशत १२ महिना सम्म भाखा नाघेको कर्जामा ३५ प्रतिशत र १२ महिना भन्दा बढी भाखा नाघेको कर्जाको १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था गरेकोमा यस संघले प्रयाप्त कोषको व्यवस्था गर्न सकेको छैन ।

ख. संघले सहकारी नियमावली २०७५ को नियम ७२(२) संघको कारोवार र सम्बन्धित विवरण सहकारी तथा गरीवी सम्बन्धि सुचना प्रणलीमा प्रविष्ट गरी सबै विरणहरु अद्यावधिक गरेको छैन ।

ग. संघले सम्पत्ति शुद्धिकरण निवारण ऐन, नियम तथा सहकारी विभागबाट जारी निर्देशन २०७४ बमोजिम सबै सदस्य संस्थाहरुलाई सदस्य पहिचान फारम भराउने, दफा २४ बमोजिम कार्यान्वयन अधिकारी तोक्ने र दफा २८ बमोजिम प्रतिवेदन नियमनकारी निकायमा पठाउने व्यवस्था मिलाएको छैन ।

**UDIN : 240903RA01060tP3dR**
मिति : २०८१/०४/२५

कुमार श्रेष्ठ
कुमार श्रेष्ठ एण्ड एसोसियटको तर्फवाट
लेखापरीक्षक

Kumar Shrestha & Associates
Firm Reg. No. 4885
Registered Auditor 0757

Tel.: +977 9841879743 | Email: namasairam@gmail.com

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

## ललितपुर महानगरपालिका वडा नं १५, ललितपुर

## वित्तिय स्थिति विवरण पत्र

## २०८१ आषाढ मसान्तको

### पूँजी तथा दायित्व विवरण

| क.सं. | बिबरण | अनसूचि | यस बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|---|
| | पूँजी तथा कोषहरु | | | |
| १ | शेयर पूँजी | १ | ६,६१९,०००।०० | ५,३९५,०००।०० |
| २ | जगेडा कोष | २ | १५३,७२२।४८ | ११,८३२।०५ |
| ३ | अन्य कोषहरु | २ | ३९,२००।२१ | ३५,४९६।१८ |
| ४ | कर्जा नोक्सानी कोष | २ | ५०,२१८।४२ | ४१,०००।०० |
| | **जम्मा पूँजी तथा कोषहरु** | | **६,८६२,१४१।११** | **५,४८३,३२८।२३** |
| | गैर चालु दायित्व | | | |
| | चालु दायित्व | | | |
| ६ | भुक्तानी दिनुपर्ने र अन्य दायित्व | ३ | ७८,४०३।४४ | ३४६,५७७।८४ |
| | **जम्मा चालु दायित्व** | | ७८,४०३।४४ | ३४६,५७७।८४ |
| | **जम्मा पूँजी तथा दायित्व** | | **६,९४०,५४४।५५** | **५,८२९,९०६।०७** |

### सम्पत्ति तथा जायजेथा विवरण

| क.सं. | बिबरण | अनसूचि | यस बर्ष रकम रु | गत बर्ष रकम रु |
|---|---|---|---|---|
| | स्थिर सम्पत्ति | | | |
| १ | स्थिर सम्पत्ति प्लान्ट/इकयूपमेन्ट | ४ | ४७२,२८८।०० | ४९८,८०४।०० |
| | **जम्मा स्थिर सम्पत्ति** | | **४७२,२८८।००** | **४९८,८०४।००** |
| | गैर चालु सम्पत्ति | | | |
| २ | शेयर लगानी हिसाब | ५ | ५०१,०००।०० | ५०१,०००।०० |
| ३ | कर्जा लगानी हिसाब | ६ | ५,०२१,८४१।९९ | ४,१००,०००।०० |
| | **जम्मा गैर चालु सम्पत्ति** | | **५,५२२,८४१।९९** | **४,६०१,०००।००** |
| | चालु सम्पत्ति | | | |
| ४ | पाउनु पर्ने हिसाव | ७ | ४४,४४१।४३ | १४,७२२।२९ |
| ५ | नगद मौज्दात | ८ | ३,५२९।८५ | ५१९,४५५।०० |
| ६ | बैंक मौज्दात | ८ | ८९७,४४३।२८ | १९५,९२४।८० |
| | **जम्मा चालु सम्पत्ती** | | **९४५,४१४।५६** | **७३०,१०२।०९** |
| | **जम्मा सम्पत्ति तथा जायजेथा** | | **६,९४०,५४४।५५** | **५,८२९,९०६।०९** |

उल्लेखित अनुसुचीहरु यस विवरणका अभिन्न अगंहरु हुन । उल्लेखित मितिमा संलग्न प्रतिवेदनका आधारमा

| रुपक घिमिरे<br>व्यवस्थापक | टिकाराम भट्टराई<br>कोषाध्यक्ष | नेत्रराज पौडेल<br>लेखा सुपरीवेक्षण समिति संयोजक | रामशरण शर्मा घिमिरे<br>अध्यक्ष | कुमार श्रेष्ठ<br>लेखापरीक्षक |
|---|---|---|---|---|

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

ललितपुर महानगरपालिका वडा नं १५, ललितपुर

## आ.ब. २०८०/०८१, २०८१ आषाढ मसान्तसम्मको

## कार्य संचालन विवरण

| क्र.सं. | बिबरण | अनुसुची | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|---|
| १ | ब्याज आम्दानी कर्जा लगानीवाट | ९ | ४९२,२९०।८४ | ८,४३८।०० |
| २ | ब्याज आम्दानी (बैंकवाट) | ९ | ३०,१०६।६० | ८५५,७८५।७६ |
| | लगानीबाट | ९ | ३९७।२७ | |
| ३ | ब्याज खर्च बचतमा | ११ | ०।०० | ०।०० |
| ४ | ऋणमा ब्याज खर्च | ११ | ०।०० | (१४,८६८।०३ |
| क | बित्तिय कारोबारबाट आय (१,२,३,४) | | ५२२,७९४।७१ | ८४९,३५५।७३ |
| ५ | बिबिध आम्दानी | १० | १,४६६,६१०।०० | ४४१,८९४।०० |
| ख | सञ्चालन खर्च अघिको मुनाफा (क,५) | | १,९८९,४०४।७१ | १,२९१,२४९।७३ |
| ६ | कर्मचारी प्रशासन खर्च | १२ | ६७९,२६६।६७ | ४८६,६५०।०० |
| ७ | कार्यालय सञ्चालन खर्च | १३ | १,१८८,३३०।२३ | ६४८,४५३।०० |
| ८ | ह्रास कट्टी खर्च | ८ | १०६,४१६।०० | १०३,०७६।०० |
| ९ | कर्जा नोक्सानी कोष ब्यवस्था खर्च | १४ | ९,२१८।४२ | ४१,०००।०० |
| | जम्मा | | १,९८३,२३१।३२ | १,२७९,१७९।०० |
| ग | कर ब्याबस्था अघिको नाफा (ख,६,७,८,९) | | ६,१७३।३९ | १२,०७०।७३ |
| १० | आय कर ब्यवस्था | | १,२३४।६८ | १,२०७।०७ |
| घ | खुद नाफा (ग,१०) | | ४,९३८।७१ | १०,८६३।६६ |
| | वासलातको साधारण जगेडा कोषमा सारेको | | १,२३४।६८ | २,७१५।९१ |
| | वासलातको अन्य कोषमा सारेको | | ३,७०४।०३ | ८,१४७।७४ |

रुपक घिमिरे
व्यवस्थापक

टिकाराम भट्टराई
कोषाध्यक्ष

नेत्रराज पौडेल
लेखा सुपरीवेक्षण समिति संयोजक

रामशरण शर्मा घिमिरे
अध्यक्ष

कुमार श्रेष्ठ
लेखापरीक्षक

## बागमती प्रदेश सहकारी संघ लिमिटेड

ललितपुर महानगरपालिका वडा नं १५, ललितपुर

## नगद प्रवाह विवरण

### आ.ब. २०८०/०८१, २०८१ आषाढ मसान्तसम्मको

| विवरण | यस वर्ष रकम | गत वर्ष रकम |
|---|---|---|
| क. संचालन गतिविधिबाट नगद प्रवाह | | |
| संचालन गतिविधिबाट खुद नगद प्रवाह | | |
| आयकर अघिको नाफा नाफा | ६,१७३।३९ | १२,०७०।७३ |
| जोड्ने/घटाउने | | |
| ह्रास कट्टी | १०६,४१६।०० | १०३,०७६।०० |
| कर्जा नोक्सानी कोषको व्यवस्था | ९,२१८।४२ | ४१,०००।०० |
| कर्मचारी बोनस व्यवस्था | ०।०० | ०।०० |
| संम्पत्ति विक्रीबाट नाफा/घाटा | | |
| स्थगन कर | | |
| कार्यशील पूंजीमा भएको परिवर्तन अघि संचालन गतिविधिबाट नगद प्रवाह | १२१,८०७।८१ | १५६,१४६।७३ |
| कार्यशील पूंजीमा भएको परिवर्तन | | |
| निक्षेप हिसाव (कमी) र बृद्धि | | |
| चालु दायित्वमा (कमी) र बृद्धि | (२६८,१७४।४० | १९२,२२३।३८ |
| पाउनु पर्ने हिसाव (कमी) र बृद्धि | (२९,७१९।१४ | (९,६९५।६१ |
| कर्जा लगानी (कमी) र बृद्धि | (९२१,८४१।९९ | (४,१००,०००।०० |
| आय कर | (१,२३४।६८ | (१,२०७।०७ |
| अन्य कोष बाँडफाँड | | |
| लाभांस भुक्तानी | | |
| अन्य भुक्तानी | १४०,६६५।७३ | |
| कर्मचारी बोनस भुक्तानी | | |
| क. संचालन गतिविधिबाट नगद प्रवाह | (९५८,४९६।६७ | (३,७६२,५३ ।५७ |
| ख. लगानी गतिविधिबाट नगद प्रवाह | | |
| स्थिर सम्पत्ति खरिद | (७९,९००।०० | (२६५,७०४।०० |
| लगानीमा (कमी) र बृद्धि | ०।०० | (४९०,०००।०० |
| ख. लगानी गतिविधिबाट नगद प्रवाह | (७९,९००।०० | (७५५,७०४।०० |
| ग. वित्तिय गतिविधिबाट नगद प्रवाह | | |
| शेयर पूंजीमा (कमी) र बृद्धि | १,२२४,०००।०० | ६९३,०००।०० |
| कर्जा सापटीमा (कमी) बृद्धि | ०।०० | |
| ग. वित्तिय गतिविधिबाट नगद प्रवाह | १,२२४,०००।०० | ६९३,०००।०० |
| घ. यसबर्षको खूद नगद प्रवाह (क+ख+ग) | १८५,६०३।३३ | (३,९५७,२४१।८१ |
| ङ. शुरु नगद तथा बैंक मौज्दात | ७१५,३७९।८० | ४,६७२,६२१।६१ |
| च. अन्तिम नगद तथा बैंक मौज्दात (घ+ङ) | ९००,९८३।१३ | ७१५,३७९।८० |

रुपक घिमिरे
व्यवस्थापक

टिकाराम भट्टराई
कोषाध्यक्ष

नेत्रराज पौडेल
लेखा सुपरीवेक्षण समिति संयोजक

रामशरण शर्मा घिमिरे
अध्यक्ष

कुमार श्रेष्ठ
लेखापरीक्षक

## बागमती प्रदेश सहकारी संघ लिमिटेड
ललितपुर महानगरपालिका वडा नं १५, ललितपुर
अनुसुचीहरु २०८०/०८१
अनुसूचि २ : बिभिन्न कोषहरु बाँडफाँड हिसाव

| क्र.सं. | बिबरण | गत बर्षको | यस बर्षको | यस वर्ष थप | रकमान्तर | यस वर्ष खर्च | यस बर्षसम्म |
|---|---|---|---|---|---|---|---|
| १ | जगेडा कोष २५% | ११,८३३।०५ | १,२३४।६८ | | १४०,६५५।७५ | | १५३,७२२।४८ |
| | बाँकी ७५% को | | | | | | |
| २ | संरक्षित पूंजी फिर्ता कोष २५% | ८,८७४।०५ | ९२६।०१ | | | | ९,८००।०६ |
| ३ | सहकारी प्रवद्धन कोष ०.५% | १७७।४८ | १८।५२ | | | | १९६।०० |
| | बाँकी ७४.५% को | | | | | | |
| ४ | शेयर लाभांश कोष ७०% | १८,५११।२७ | १,९३१।६५ | | | | २०,४४३।९२ |
| ५ | सहकारी शिक्षा कोष ५% | १,३२२।२३ | १३७।९८ | | | | १,४६०।२१ |
| ६ | कर्मचारी बोनस कोष ५% | १,३२२।२३ | १३७।९८ | | | | १,४६०।२१ |
| ७ | सहकारी विकास कोष ५% | १,३२२।२३ | १३७।९८ | | | | १,४६०।२१ |
| ८ | घाटा पूर्ति कोष ५% | १,३२२।२३ | १३७।९८ | | | | १,४६०।२१ |
| ९ | सामुदायिक विकास कोष ५% | १,३२२।२३ | १३७।९८ | | | | १,४६०।२१ |
| १० | जोखिम व्यवस्थापन कोष ५% | १,३२२।२३ | १३७।९८ | | | | १,४६०।२१ |
| | | | | | | | |
| ११ | कर्जा जोखिम कोष व्यवस्था | ४१,०००।०० | | ९,२१८।४२ | | | ५०,२१८।४२ |
| | जम्मा | ८८,३२८।२३ | ४,९३८।७१ | ९,२१८।४२ | १४०,६५५।७५ | ०।०० | २४३,१४१।११ |

रुपक घिमिरे
व्यवस्थापक

टिकाराम भट्टराई
कोषाध्यक्ष

नेत्रराज पौडेल
लेखा सुपरीवेक्षण समिति संयोजक

रामशरण शर्मा घिमिरे
अध्यक्ष

कुमार श्रेष्ठ
लेखापरीक्षक

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

ललितपुर महानगरपालिका वडा नं १५, ललितपुर

अनुसुचीहरु २०८०/०८१

## अनुसुची ४ : सम्पत्ति विवरण

| क्र.सं. | सम्पत्तिका बिबरण | गत वर्षको | यस वर्ष खरिद | जम्मा मुल्य | परिमाण | ह्रास कट्टि दर | ह्रास कट्टि रकम | मौज्दात सम्पत्ति |
|---|---|---|---|---|---|---|---|---|
| १ | एसी | ३२,०००।०० | | ३२,०००।०० | | २० | ६,४००।०० | २५,६००।०० |
| २ | कार्यालय फर्निचर | २१३,८८०।०० | १६,०००।०० | २२९,८८०।०० | | २० | ४४,३५४।०० | १८५,५२६।०० |
| ३ | कलर प्रिन्टर | ५,९४८।०० | | ५,९४८।०० | | २० | १,१९०।०० | ४,७५८।०० |
| ४ | कम्प्यूटर | ११,६००।०० | | ११,६००।०० | | २० | २,३२०।०० | ९,२८०।०० |
| ५ | ल्यापटप र प्रोजेक्टर | | ६३,९००।०० | ६३,९००।०० | | २० | ५,०७७।०० | ५८,८२३।०० |
| ६ | कार्यालय पार्टेशन | ७९,६७६।०० | | ७९,६७६।०० | | २० | १५,९३५।०० | ६३,७४१।०० |
| ७ | अन्य सम्पत्ति | १५५,७००।०० | | १५५,७००।०० | | २० | ३१,१४०।०० | १२४,५६०।०० |
| | जम्मा | ४९८,८०४।०० | ७९,९००।०० | ५७८,७०४।०० | | | १०६,४१६।०० | ४७२,२८८।०० |

रुपक घिमिरे
व्यवस्थापक

टिकाराम भट्टराई
कोषाध्यक्ष

नेत्रराज पौडेल
लेखा सुपरीवेक्षण समिति संयोजक

रामशरण शर्मा घिमिरे
अध्यक्ष

कुमार श्रेष्ठ
लेखापरीक्षक

Kumar Shrestha & Associates ★ Firm Reg. No. 4885 ★ Registered Auditor 0757 B

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

ललितपुर महानगरपालिका वडा नं १५, ललितपुर

## अनुसुचीहरु २०८०/०८१

### अनुसुची १ : शेयर पूँजी

| क्र.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | शेयर पूँजी | ६,६१९,०००।०० | ५,३९५,०००।०० |
| | जम्मा | ६,६१९,०००।०० | ५,३९५,०००।०० |

### अनुसुची २ : बिभिन्न कोषहरु

| क्र.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | जगेडा कोष | १५३,७२२।४८ | ११,८३२।०५ |
| २ | अन्य कोषहरु | ३९,२००।२१ | ३५,४९६।१८ |
| ३ | कर्जा जोखिम कोष ब्यवस्था | ५०,२१८।४२ | ४१,०००।०० |
| | जम्मा | २४३,१४१।११ | ८८,३२८।२३ |

### अनुसुची ३ : भुक्तानी दिनु पर्ने र अन्य दायित्व

| क्र.सं. | विवरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | आय कर ब्यवस्था | १,२३४।६८ | १,२०७।०७ |
| २ | सामाजिक सुरक्षा कर | | १५।०० |
| ३ | लेखापरीक्षण शुल्क | ११,३००।०० | ११,३००।०० |
| ४ | अन्य दायित्व | ६५,८६८।७६ | ३३४,०५५।७७ |
| | जम्मा | ७८,४०३।४४ | ३४६,५७७।८४ |

### अनुसुची ८ : स्थिर सम्पत्ति हिसाव

| क्र.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | सम्पत्ति हिसाव | ४७२,२८८।०० | ४९८,८०४।०० |
| | जम्मा | ४७२,२८८।०० | ४९८,८०४।०० |

### अनुसुची ५ : शेयर लगानी हिसाव

| क्र.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | राष्टिय सहकारी महासंघ लिमिटेड नेपाल | १०,०००।०० | १०,०००।०० |
| २ | राष्ट्रिय सहकारी बैंक लि. | ४९१,०००।०० | ४९१,०००।०० |
| | जम्मा | ५०१,०००।०० | ५०१,०००।०० |

### अनुसुची ६ : कर्जा लगानी हिसाव

| क्र.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | कर्जा लगानी हिसाव | ५,०२१,८४१।९९ | ४,१००,०००।०० |
| | जम्मा | ५,०२१,८४१।९९ | ४,१००,०००।०० |

रुपक घिमिरे
ब्यवस्थापक

टिकाराम भट्टराई
कोषाध्यक्ष

नेत्रराज पौडेल
लेखा सुपरीवेक्षण समिति संयोजक

रामशरण शर्मा घिमिरे
अध्यक्ष

कुमार श्रेष्ठ
लेखापरीक्षक

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

ललितपुर महानगरपालिका वडा नं १५, ललितपुर

अनुसुचीहरु २०८०/०८१

## अनुसुची ७ : पाउनु पर्ने हिसाव

| क्र.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | अग्रिम आय कर | ४४,४४१।४३ | १४,७२२।२९ |
| | जम्मा | ४४,४४१।४३ | १४,७२२।२९ |

## अनुसुची ८ : नगद तथा बैंक मौज्दात हिसाव

| क्र.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | नगद हिसाव | ३,५२९।८५ | ५१९,४५५।०० |
| २ | प्रभु बैंक लि. | ७७,२९३।६० | ६३,५३२।०० |
| ३ | राष्ट्रिय सहकारी बैंक लि. | ७९०,६७०।०७ | ११६,५४०।४६ |
| ४ | राष्ट्रिय सहकारी बैंक लि. बचत | २९४७९।६१ | १५८५२।३४ |
| | जम्मा | ९००,९७३।१३ | ७१५,३७९।८० |

## अनुसुची ९ : ब्याज आम्दानी हिसाव

| क्र.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | कर्जाबाट ब्याज आम्दानी | ४९२,२९०।८४ | ८,४३८।०० |
| २ | बैंकबाट ब्याज लगानीबाट प्राप्त आम्दानी | ३०,१०६।६० | ८५५,७८५।७६ |
| ३ | लगानीबाट आम्दानी | ३९७।२७ | |
| | जम्मा | ५२२,७९४।७१ | ८६४,२२३।७६ |

## अनुसुची १० : अन्य विविध आम्दानी

| क्र.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | प्रवेश शुल्क | ६४,०००।०० | ४७,०००।०० |
| २ | अन्य आम्दानी | २५,०००।०० | |
| ३ | आर्थिक सहयोग प्रप्त | २०,०००।०० | |
| ४ | आवेदन फारम | ३,०००।०० | २,०००।०० |
| ५ | ब्यवस्थापन शुल्क | ५७,७५०।०० | ४१,०००।०० |
| ६ | तालिम आम्दानी | १,१८३,०१०।०० | ३३३,०००।०० |
| ७ | विविध आम्दानी | ११३,८५०।०० | १८,८९४।०० |
| | जम्मा | १,४६६,६१०।०० | ४४१,८९४।०० |

## अनुसुची ११ : ब्याज खर्च हिसाव

| क्र.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | बचतमा ब्याज खर्च | | |
| २ | कर्जा सापटीमा ब्याज खर्च | | १४,८६८।०३ |
| | जम्मा | ०।०० | १४,८६८।०३ |

| रुपक घिमिरे<br>ब्यवस्थापक | टिकाराम भट्टराई<br>कोषाध्यक्ष | नेत्रराज पौडेल<br>लेखा सुपरीवेक्षण समिति संयोजक | रामशरण शर्मा घिमिरे<br>अध्यक्ष | कुमार श्रेष्ठ<br>लेखापरीक्षक |
|---|---|---|---|---|

Kumar Shrestha & Associates ★ Firm Reg. No. 4885 ★ Registered Auditor

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

ललितपुर महानगरपालिका वडा नं १५, ललितपुर

## अनुसुचीहरु २०८०/०८१

### अनुसुची १२ : कर्मचारी प्रशासन खर्च हिसाव

| क.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | तलब खर्च | ६५१,६६६।६७ | ४८१,५००।०० |
| २ | संचयकोष | २७,६००।०० | ५,१५०।०० |
| | जम्मा | ६७९,२६६।६७ | ४८६,६५०।०० |

### अनुसुची १३ : कार्यालय संचालन खर्च हिसाव

| क.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | साधारण सभा खर्च | ९८,१०३।९० | ८४,८६०।०० |
| २ | लेखापरीक्षण शुल्क | ११,३००।०० | ११,३००।०० |
| ३ | घरभाडा खर्च | १२०,०००।०० | ५८,०००।०० |
| ४ | टेलिफोन इन्टरनेट संचार खर्च | १७,१४०।०० | २५,३६८।०० |
| ५ | विद्युत तथा पानी खर्च | २,३६०।०० | ८,६७०।०० |
| ६ | तालिम कार्यक्रम खर्च | ६७१,२१०।०० | २६२,७६८।०० |
| ७ | प्रशिक्षक खर्च | | ४९,०००।०० |
| ८ | तालिम हल भाडा खर्च | | ४५,०००।०० |
| ९ | मसलन्द स्टेशनरी खर्च | १२,८२२।०० | ८,७१२।०० |
| १० | मर्मत सम्भार खर्च | १,१८८।३३ | ८,६००।०० |
| ११ | कार्यक्रम खर्च | १८६,५५६।०० | |
| १२ | अतिथि सत्कार खर्च | १७,५६५।०० | ४,०३०।०० |
| १३ | नविकरण शुल्क | ५,८००।०० | ११,१००।०० |
| १४ | सरसफाइ खर्च | २७,०००।०० | २५,१००।०० |
| १५ | सुरक्षा खर्च | ११,०००।०० | |
| १६ | ब्यावसाय दर्ता खर्च | | १७,०७०।०० |
| १७ | विविध खर्च | ६,२८५।०० | २८,८७५।०० |
| | जम्मा | १,१८८,३३०।२३ | ६४८,४५३।०० |

### अनुसुची १४ : कर्जा नोक्सानी कोष ब्यवस्था खर्च हिसाव

| क.सं. | बिबरण | यस वर्ष रकम रु. | गत वर्ष रकम रु. |
|---|---|---|---|
| १ | असल कर्जामा १% खर्च | ५०,२१८।४२ | ४१,०००।०० |
| २ | शंकास्पद कर्जामा ३५% खर्च | | |
| ३ | खराव कर्जामा १००% खर्च | | |
| | जम्मा | ५०,२१८।४२ | ४१,०००।०० |

| रुपक घिमिरे | टिकाराम भट्टराई | नेत्रराज पौडेल | रामशरण शर्मा घिमिरे | कुमार श्रेष्ठ |
|---|---|---|---|---|
| ब्यवस्थापक | कोषाध्यक्ष | लेखा सुपरीवेक्षण समिति संयोजक | अध्यक्ष | लेखापरीक्षक |

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

ललितपुर महानगरपालिका वडा नं.१५, ललितपुर, नेपाल

**अनुसुची : १५**

**१. सामान्य जानकारी :**

बागमती प्रदेश सहकारी संघ लिमिटेड (यस पछि संघ भनिएको) सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ बमोजिम प्रदेश सरकार भूमि व्यवस्था तथा सहकारी मन्त्रालय बागमती प्रदेश हेटौडा, मकवानपुरमा मिति २०७७/०४/१३ गते (दर्ता नं. बा००१/२०७७/७८) मा दर्ता भइ स्थापित सहकारी संघ हो । यस संघको स्थायी लेखा नं. ६१६०२६१४८ रहेको छ । संघको कार्यक्षेत्र बागमती प्रदेश भरी रहेको छ । संघको प्रकृति बागमती प्रदेश भरीका सहकारी संघ संस्थाहरुको छाता संगठनको रुपमा रहेको छ । संघको कार्यालय ललितपुर महानगरपालिका वडा नं.१५, महालक्ष्मीस्थान, ललितपुरमा अवस्थित छ । संघको सम्पर्क नं.०१५४२०३२६, इमेल **bpcoul07@gmail.com** रहेको छ ।

**२. वित्तय विवरण माथिको उत्तरदायित्व :**

वित्तिय विवरण माथिको उत्तरदायित्व संस्थाको संचालक समिति तथा व्यवस्थापनमा निहित रहेको छ । संलग्न वित्तिय विवरणहरु संस्थाको संचालक समितिको बैठकबाट स्वीकृत गराउनु पर्ने हुन्छ । प्रस्तुत वित्तिय विवरणहरु संस्थाको अविच्छिन्न सञ्चालन (On Going Concern Assumption) मान्यताको आधारमा तयार गरिन्छ ।

**२.१ अनुपालनाको विवरण**

सहकारी संस्थाको लेखा तथा वित्तिय विवरणहरु ऐतिहासिक लागतका आधारमा, नेपाल लेखामान तथा अन्य प्रचलित लेखामान ऐन नियम, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र सहकारी मापदण्ड २०६८ अनुसार तयार गरिएको छ । यी वित्तिय विवरणहरु संचालक समितिको बैठकबाट अनुमोदन गरिएको छ ।

**२.२ प्रस्तुतिकरण**

अंक पछाडि दुई दशमलव अंक राखेर नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ । तुलना गर्ने प्रयोजनको लागि आवश्यकता अनुसार विगत वर्षको अंकलाई खुलासा सहित पुनः वर्गिकरण गरिएको छ । संस्थाको वित्तिय विवरणहरु प्रस्तुत गर्दा तरलताको आधारमा गरिएको छ । नाफा नोक्सान विवरण वर्गिकरण प्राकृतिक सिद्धान्तको आधारमा गरिएको छ ।

**२.३ लेखा अनुमानहरु**

नेपाल वित्तिय प्रतिवेदनमान अनुसार संस्थाले वित्तिय विवरणहरु तयार गर्दा वित्तिय विवरणहरु तयार गरिएको मितिसंम्म कायम सम्पत्ति र दायित्वहरु, सोही मितिसम्म खुलासा गरिएको सम्भावित सम्पत्ति तथा दायित्वहरु तथा सोही अवधिसम्मको आम्दानी र खर्चहरुसंग सम्बन्धित रकमलाई आधार मानी लेखा अनुमानहरु तयार गर्नु पर्ने हुन्छ । लेखाँ अनुमान तथा अनुमानहरुलाई निरन्तर संचालन **(Ongoing Basis)** का आधारमा समिक्षा गर्ने गरिएको छ । लेखा अनुमानहरुको पुर्नविचार गर्दा सोही अवधिको लागि मात्र प्रभाव पार्ने भए सोही अवधिको लागि र भविष्यमा पनि प्रभाव पार्ने भए वा रहने भएमा भविष्यको लागि पनि स्वीकार्य हुने गरी उल्लेख गरिन्छ ।

**३. प्रमुख लेखा नीतिहरु :**

संघको वित्तिय विवरणहरु तयार गर्दा आधार लिइएका लेखा नीतिहरु तल उल्लेख गरिएको छ । अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक अटुट रपमा नीतिहरको पालना गरिएको छ । नेपाल लेखामान, लेखाको सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, तथा सहकारी विभागद्धारा जारी निर्देशाको अधिनमा रही तयार पारिएको छ ।

**३.१ लेखागत परीपाटी**

यस संघको आर्थिक विवरणहरु नेपाल लेखामान सिद्धान्त सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, तथा सहकारी विभागद्धारा जारी मापदण्ड २०६८ अनुसार तयार पारिएका छन् ।

Kumar Shrestha & Associates * Firm Reg. No. 4885 * Registered Auditor 0757 'B'

**३.२ जेथा (Equity)**

संघले सम्पत्तिबाट सम्पुर्ण दायित्व घटाएर बाँकी रहने शेयर सदस्यहरुको स्वार्थ नै जेथा हो । यसमा शेयर सदस्यहरुले लगानी गरेको शेयर रकम, सञ्चित मुनाफा र यसबाट विनियोजन गरिएको जगेडा कोष समेत पर्दछ ।

**३.३ सम्पत्तिहरु**

संघमा विगतका घटनाक्रमहरुले गर्दा निकायको नियन्त्रणमा आएका त्यस्ता आर्थिक श्रोतहरुलाई सम्पत्तिमा जनाइन्छ जसबाट भविष्यमा आर्थिक लाभ प्राप्त हुन्छ । यसमा नगद, बैक मौज्दात, शेयर लगानी, कर्जा लगानी स्थिर सम्पत्ति लगायत वासलातमा समावेश गरिएका विवरणहरु पर्दछन् ।

**३.३.१ स्थिर सम्पत्ति**

स्थीर सम्पत्तिमा ह्रास कट्टी नीति : सहकारी संघले स्थिर सम्पत्तिहरु ऐतिहासिक लागतको आधारमा हिसाव देखाइएको छ । त्यस सम्पत्तिसंग सम्वन्धित भविष्यमा प्राप्त हुने आर्थिक लाभहरु संस्थालाई प्राप्तहुने यकिन भएमा स्थिर सम्पत्तिको निर्माण वा खरिदको अवस्थामा खरिद मुल्य तथा सोमा लागेको प्रत्यक्ष खर्च जोडी मुल्याङ्कन गरिएमा स्थिर सम्पत्तिको लागत रु २,०००।– भन्दा बढी मुल्यको सामान १ वर्ष भन्दा बढी खप्ने सामानलाई स्थिर सम्पत्तिमा समावेश गरिने छ ।

**३.३.२ लगानी सम्बन्धि नीति :**

नियमित रुपमा ब्याज तथा पूँजीगत लाभ लाभांश प्राप्त गर्ने धारणा राखी गरी सहकारी बैंक र सहकारी संघमा राखेको शेयरहरु तथा संघले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिधि भित्र रही लगानी गर्ने नीति लिएको छ ।

**३.३.३ कर्जा तथा सापटी :**

यस शिर्षक अन्तरगत संघले सदस्यहरुलाई प्रत्यक्षरुपमा प्रदान गरिएका विभिन्न प्रकारका कर्जाहरु पर्दछन् ।

**३.३.४ पाउनु पर्ने ब्याज :**

यस शिर्षक अर्न्तगत संघले सदस्यहरुलाई प्रत्यक्षरुपमा प्रदान गरिएका विभिन्न प्रकारका कर्जा खाताबाट गणना हुने ब्याज रकमलाई प्रस्तुत गरिन्छ । सदस्यहरुलाई प्रदान गरिएको कर्जा रकममा आर्जित ब्याज रकमलाई सदस्य बाट नगद प्राप्त नभएसम्म यस शिर्षक अन्तरगत प्रस्तुत गरिन्छ र नगद प्राप्त भए पछि सोही मितिमा नाफा नोक्सान हिसावमा आय लेखांङ्न गरिन्छ ।

**३.४ दायित्व तथा ब्यवस्थाहरु :**

संघको दायित्व तथा ब्यवस्थाहरु अर्न्तगत बचत तथा निक्षेपहरु, संस्थागत कर्जा सापटी, कर दायित्वहरु, भुक्तानी दिनुपर्ने हिसाव पर्दछन् ।

**३.४.१ नाफा नोक्सान हिसावमा आम्दानी र खर्च जनाउने नीति :**

संघले सहकारी ऐन २०७४, नियमावली २०७५ र मापदण्ड २०६८ बमोजिम कर्जा तथा लगानीको ब्याज नगद प्राप्ति (Cash Basis) को आधारमा आम्दानी जनाउने र प्राप्त गर्न बाँकी रहेको ब्याजलाई पाउनुपर्ने ब्याज हिसावमा (Intrest Receivables) खर्च लेखी ब्याज मुल्तवी हिसाव ( Intrest Suspense) मा जम्मा गरी प्राप्ति पश्चात् आम्दानी जनाउने नीति लिएको छ ।

- अन्य आम्दानीको हकमा पाकेको तर प्राप्त भै नसकेको आम्दानीलाई पाकेको आधारमा (Accrual Basis) आम्दानी जनाउने नीति लिएको छ ।

Kumar Shrestha & Associates ★ Firm Reg. No. 4885 ★ Registered Auditor 0757 'B'

# बागमती प्रदेश सहकारी संघ लिमिटेड

ललितपुर महानगरपालिका वडा नं.१५, ललितपुर, नेपाल

- खर्च जनाउने नीति : सहकारी संघले व्यापारिक सिद्धान्तको आधारमा खर्च भै सकेको तर भुक्तनी दिन बाँकी सम्पुर्ण ब्याज खर्च, कर्मचारी खर्च, कार्यालय संचालन खर्च तथा अन्य खर्चहरु समेतलाई खर्च जनाउने नीति लिएको छ ।

**३.४.२. आयकर ब्यावस्था :**

महानगरपालिकाको सहकारी भएकोले आयकर ब्यवस्था २०% का दरले गरिएको छ ।

**३.४.५ कर्जा नोक्सानी ब्यावस्था सम्बन्धि नीति :**

संघले सहकारी मापदण्ड २०६८ अनुसार असल कर्जामा १%, शकास्पद कर्जामा ३५% ले र खराव कर्जामा १००% का दरले कर्जाको वर्गिकरण गरी स्पष्ट आधारमा कर्जा नोक्सानी कोषको ब्यावस्था गर्ने नीति लिएको छ ।

**३.४.६ कोष बाँडफाँड नीति**

संस्थाले खुद नाफा आर्जन गरेकोमा आयकर ऐन २०५८ बमोजिम कर प्रयोजनका लागि आय गणना गरी ५% आयकर ब्यवस्था गरी बाँकी रहेको रकमको २५% साधारण जगेडा कोषमा सारी बाँकी रकमलाई शत प्रतिशत मानी सहकारी प्रवर्द्धन कोयाका ०.५% र २५% संरक्षित पूँजी फिर्ता कोषमा सारी त्यसबाट बाँकी रहेको रकमलाई ६५% शेयर लाभांस कोषमा ५% का दरले निम्न कोषहरुमा देहाय बमोजिम बाँडफाँड गर्ने नीति लिएको छ ।

| | |
|---|---|
| क. शेयर लाभांस कोष | ७०% |
| ख. सहकारी शिक्षा कोष | ५% |
| ग. घाटापुर्ती कोष | ५% |
| घ. कर्मचारी बोनस कोष | ५% |
| ङ. सहकारी विकास कोष | ५% |
| च. सामुदायिक विकास कोष | ५% |
| छ. अन्य जोखिम ब्यवस्थापन कोष | ५% |

**<u>लेखा सम्बन्धि टिप्पणीहरु</u>**

१. यस संघको गत आर्थिक वर्षमा रहेको शेयर पूँजी रु. **५,३९५,०००।००** मा यस आ.व.मा शेयर रु. **१,२२४,०००।००** थप गरेर जम्मा रु. **६,६१९,०००।००** शेयर पूँजी भएको छ ।

२. यस संघले यस आ.व. २०८०/०८१ मा खुद नाफा रु. **४,९३८।७१** आर्जन गरेकोमा २५% जगेडा कोषमा सारी बाँकी रकमलाई सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र विनियम अनुसार अन्य कोषमा बाँडफाँड गरेको छ ।

३. यस आ.व. मा संघले रु. **५,०२१,८४१।९९** कर्जा लगानी गरेको छ ।

४. यो सहकारी संघ बागमती प्रदेशको छाता संघ भएको हुँदा प्रदेश भित्रका सबै सहकारी संघ संस्थाहरु समेट्नु हुन सुझाव गर्दछौं ।

५. संघको यस आ.व.मा निम्नानुसार शेयर लगानी रहेको पाइयो ।

| क्र.सं. | बिबरण | यस वर्ष रकम रु. |
|---|---|---|
| १ | राष्टिय सहकारी महासंघ लिमिटेड नेपाल | १०,०००।०० |
| २ | राष्ट्रिय सहकारी बैक लि. | ४९१,०००।०० |
| | **जम्मा** | **५०१,०००।००** |

Kumar Shrestha & Associates
Firm Reg. No. 4885
Registered Auditor 0757 'B'

६. सम्बद्ध व्यक्ति बिचको कारोवार
नेपाल लेखामान २४ सम्बन्धित व्यक्तिहरुको खुलासाको परीभाषामा देहायका सम्बन्धित व्यक्तिहरु पर्दछन ।
६.१ मुख्य व्यवस्थापकिय व्यक्ति
मुख्य व्यवस्थापकिय व्यक्ति अन्तरगत प्रत्यक्ष अप्रत्यक्ष रुपमा संघको गतिविधि योजना गर्ने कार्य, निर्देशन तथा नियन्त्रण गर्न सक्ने अधिकार प्राप्त वा जिम्मेवार प्राप्त व्यक्ति तथा संचालकहरु वा पदाधिकारीहरु पर्दछन । यस अन्तरगत संघाका संचालक समितिका सदस्यहरु, लेखा सुपरीवेक्षण समितिका सदस्यहरु र मुख्य व्यवस्थापक पर्दछन ।

| क..सं. | पदाधिकारीको नाम | पद |
|---|---|---|
| १ | श्री रामशरण शर्मा घिमिरे | संचालक समिति अध्यक्ष |
| २ | श्री जगतलाल महर्जन | संचालक समिति वरिष्ठ उपांध्यक्ष |
| ३ | श्री सिता ढकाल | संचालक समिति उपाध्यक्ष |
| ४ | श्री भिम प्रसाद दाहाल | संचालक समिति महासचिव |
| ५ | श्री देवराज न्यौपाने | संचालक समिति सचिव |
| ६ | श्री टिकाराम भट्टराई | संचालक समिति कोषाध्यक्ष |
| ७ | श्री मेनुका घिमिरे दाहाल | संचालक समिति सदस्य |
| ८ | श्री अम्बिका कुमारी थापा | संचालक समिति सदस्य |
| ९ | श्री मन्दु थापा | संचालक समिति संदस्य |
| १० | श्री बेदुकाजी घिमिरे | संचालक समिति सदस्य |
| ११ | श्री विमल कुमार ढकाल | संचालक समिति सदस्य |
| १२ | श्री दिपक जंगम | संचालक समिति सदस्य |
| १३ | श्री कृष्ण प्रसाद तिमल्सिना | संचालक समिति सदस्य |
| १४ | श्री दुर्गा कार्की | संचालक समिति सदस्य |
| १५ | श्री दुर्गा तिवारी संजेल | संचालक समिति सदस्य |
| १६ | श्री उद्धव सापकोटा | संचालक समिति सदस्य |
| १७ | श्री नेत्र प्रसाद पौडेल | लेखा सुपरीवेक्षरण समिति संयोजक |
| १८ | श्री लक्ष्मी गिरी | लेखा सुपरीवेक्षरण समिति सदस्य |
| १९ | श्री कुल प्रसाद देवकोटा | लेखा सुपरीवेक्षरण समिति संदस्य |
| २० | श्री रुपक घिमिरे | व्यवस्थापक |

**७. वासलात पछिका घटनाहरु**

वसलात मिति पछिका घटनाहरु त्यस्ता अनुकुल वा प्रतिकुल घटनाहरु हुन जुन वासलात मिति देखि वित्तिय विवरण जारी गर्नका लागि अनुमोदन गरिएको मितिका बिच घटित हुन्छन । यस परिप्रेक्षमा वासलात मिति पश्चात घटित सबै सारभुत तथा महत्वपुर्ण घटनाहरुलाई ध्यान दिइएको छ । वासलात मिति पश्चात वित्तिय विवरणमा समायोजन गर्नु पर्ने वा प्रस्तुत गर्नु पर्ने गरि कुनैपनि घटनाहरु सिर्जना भएका छैनन् ।

**८. पुनवर्गिकरण तथा पुनसमुहिकरण**
यस वर्षको रकमहरुलाई आवश्यकता अनुसार पुनवर्गिकरण तथा पुनसमुहिकरण गरिएको छ ।

Kumar Shrestha & Associates
Firm Reg. No. 4885
Registered Auditor 0757 "B"

# टिपोट

CoSys

# सहकारी सटफ्वेयर कोसिस

1. Core Banking for Co-operative /Microfinance
2. Online KYC / 5 Khata / ABBS System
3. COPOMIS / goAML Report
4. VISA ATM Card (First Time in South Asia)
5. Mobile Banking / Collector / Management & BLB App.
6. Remit / Insurance / Budget Entry / Evening Counter
7. PEARLS Monitering and Sahakari Masik Report

**CORE BANKING**

*CoSys*

Pioneer Associate Pvt. Ltd.
National Cooperative Federation Building 4th Floor
Harihar Bhawan, Pulchowk,Lalitpur
Phone: 01-5010070/5010300/ 9851196284
email: info@cosys.com.np
web:www.cosys.com.np

CERTIFIED ISO 9001:2015 COMPANY